# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मेलम्ची नगरपालिका
## सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मेलम्ची नगरपालिका
## सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मेलम्ची नगरपालिका

सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण निर्देशनालय
बागमती प्रदेश

प.सं. २०८०।८१ मितिः२०८१।०१।२७

च.नं. १६१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

मेलम्ची नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

मेलम्ची, सिन्धुपाल्चोक ।

१. **कैफियत सहितको राय** — हामीले मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.११ करोड ५४ लाख २ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.४ करोड ८३ लाख ३३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ५९ लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड ३६ लाख ६४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७१ लाख ८ हजार पेश्की ३ लाख ३४ हजार समेत गरी यस वर्ष रु.६ करोड ७० लाख ६९ हजार बेरुजू कायम रहेको छ । मेलम्ची नगरपालिकाको गतवर्ष सम्म रु.१९ करोड ६१ लाख ९५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड ६२ लाख ४१ हजार रहेको छ । मेलम्ची नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने मेलम्ची नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी मेलम्ची नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



( शंकरप्रसाद पन्थी )

**नायब महालेखापरीक्षक**

मेलम्ची नगरपालिका,
सिन्धुपाल्चोक जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५८ | १३५ | ११५४०२ | १ | ८२ | ४८३३३ | ५७ | ५३ | ६७०६९ | ५९६३ | १७१०८ | ४३६६४ | ० | ० | ६०७७२ | ३३४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | १९६१९५ | ० | ७०२३ | १८९१७२ | ० | ६७०६९ | २५६२४१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | २३ | वितरणमुखि खर्च नियमित | १७७२८२३ |
| २ | ०७९।८० | ३७ | नियमित भएको | २६१६४० |
| ३ | ०७९।०८० | ३८ | समन्वय भत्ता असुल | २२७६४० |
| ४ | ०७९।०८० | ३९ | विपत व्यवस्थापन कोष प्रमाण पेश | २२४२५०० |
| ५ | ०७९।०८० | ४६ | नियमित भएको | १६६३८२५६।९१ |
| ५ | ०७९।०८० | ४८ | दोहोरो सुविधा असुल | ३२४००० |
| ६ | ०७९।०८० | ४९ | असुल | २६००००० |
| ७ | ०७९।०८० | ५१ | प्रमाण पेश | ६००००० |
| ८ | ०७९।०८० | ६१.२ | नियमित भएको | ६३२४६२४ |
| ९ | ०७९।०८० | ६१.३ | नियमित भएको | ३०१५४२२ |
| १० | ०७९।०८० | ६१.४ | नियमित भएको | ५१८००४१ |
| ११ | ०७९।०८० | ६६ | नियमित भएको | ८२८२९९ |
| १२ | ०७९।०८० | ६८ | नियमित भएको | ५४२३४७ |
| १३ | ०७९।०८० | ७०.२ | नियमित भएको | ३६३८७४३ |
| १४ | ०७९।०८० | ७१ | नियमित भएको | १७४०३४५ |

| | | | | |
|---|---|---|---|---|
| १५ | ०७९।०८० | ७२ | नियमित भएको | २३९६७३० |
| | **चालु वर्षको जम्मा** | | | **४८३३३४११।०१** |
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| | २०७७।७८ | - | असुली | ६६२८ |
| | २०७७।७८ | | प्रमाण | ३९५ |
| | **कुल जम्मा** | - | - | **७०२३** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२८ देखि २०८०।६।१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय व्ययको विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३६९६०असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | भत्ता रकम | १८४८० |
| २ | भत्ता रकम | १८४८० |
| जम्मा | | ३६९६० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्तीभुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | १,५७,४८,२९,५४३.०३ | १,३२,७७,३८,७४२.३६ | | १,३२,७७,३८,७४२.३६ |
| **क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | **१,३८,६९,०५,५७३.९८** | **१,३१,१२,५६,७८३.३६** | ० | **१,३१,१२,५६,७८३.३६** |
| ११००० कर | ११ | ३०,५८,४५,६३८.०० | २५,४८,७२,८०९.६१ | ० | २५,४८,७२,८०९.६१ |
| १३०००अनुदान | | ७३,२६,००,०००.०० | ७१,६८,४२,५००.०० | ० | ७१,६८,४२,५००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीयसरकार | १२ | ६३,८३,५९,०००.०० | ६२,२६,०१,५००.०० | ० | ६२,२६,०१,५००.०० |
| प्रदेशसरकार | १२ | ९,४२,४१,०००.०० | ९,४२,४१,०००.०० | ० | ९,४२,४१,०००.०० |
| अन्तरिकश्रोत | | ० | ० | ० | ० |
| १४००० अन्यराजस्व | | ३४,८४,५९,९३५.९८ | ३३,९५,४१,४७३.७५ | ० | ३३,९५,४१,४७३.७५ |
| ख. अन्यप्राप्ति | | १८,७९,२३,९६९.०५ | १,६४,८१,९५९.०० | | १,६४,८१,९५९.०० |
| वितरण गर्नबाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १८,७९,२३,९६९.०५ | ० | ० | ० |
| धरौटी | | ० | १,६४,८१,९५९.०० | ० | १,६४,८१,९५९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| **भुक्तानी (ग+घ)** | | **१,९२,३५,७५,४५५.०५** | **१,५२,७८,०३,६७३.४७** | | **१,५२,७८,०३,६७३.४७** |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | | १,७३,५६,५१,४८६.०० | १,४०,१८,४२,३७९.३९ | | १,४०,१८,४२,३७९.३९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ४३,९२,२६,५००.०० | ४०,७७,२८,६१८.०८ | ० | ४०,७७,२८,६१८.०८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २८,०७,५५,५००.०० | २२,००,०३,११६.६४ | ० | २२,००,०३,११६.६४ |
| २५००० सहायता (Subsidy) | १८ | ५,४०,६७,०००.०० | ५,१४,७९,९१५.०० | ० | ५,१४,७९,९१५.०० |
| २६००० अनुदान | १८ | ४४,५०,०००.०० | ३०,०१,१९६.०० | ० | ३०,०१,१९६.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५,२६,५७,०००.०० | ५,१७,२५,९४२.१३ | ० | ५,१७,२५,९४२.१३ |
| २८००० अन्य खर्च | १८ | ११,९१,६३,४३९.०० | ३,२७,१२,१७४.५४ | ० | ३,२७,१२,१७४.५४ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ७८,५३,३२,०४७.०० | ६३,५१,९१,४१७.०० | ० | ६३,५१,९१,४१७.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| घ. अन्यभूक्तानी | | १८,७९,२३,९६९.०५ | १२,५९,६१,२९४.०८ | | १२,५९,६१,२९४.०८ |
| कोषहरु | | १८,७९,२३,९६९.०५ | ११,५३,७६,४२५.०८ | ० | ११,५३,७६,४२५.०८ |
| धरौटी | | ० | १,०५,८४,८६९.०० | ० | १,०५,८४,८६९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. योवर्षको बचत (न्युन) | | (३४,८७,४५,९१२.०२) | (२०,००,६४,९३१.११) | | (२०,००,६४,९३१.११) |
| च.गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६१,५०,४३,५६३.२६ | | ६१,५०,४३,५६३.२६ |
| वर्षान्तकोबाकी रकम (ङ + च) | | (३४,८७,४५,९१२.०२) | ४१,४९,७८,६३२.१५ | | ४१,४९,७८,६३२.१५ |
| बैंक तथानगद बाकी | २४ | | ४१,०५,२७,५३६.१५ | | ४१,०५,२७,५३६.१५ |

## ३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२०,९८,२३,०००।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३,३५,४९,८६५।०० समेत गरी रु.२४,३३,७२,८६५।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण अनुसूची ३ मा संलग्न छ ।)**

## ४ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१६,०६,२४,८०३.६९ , यस वर्षको प्राप्ति रु.३९,९२,४०,१०९.६७, यस वर्षको भुक्तानी

रु.१७,२६,२६,१७१.०० र बैङ्क मौज्दात रु. २,२३,८१,२४५.७८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६१५०४३५६३.२६ | १३२७०३८७४२.३६ | १५२७८०३६७३.४७ | ४१०५२७५३६.१५ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४५४४१८७५९.५७ | १७२६२७८८५२.०३ | १७००४२९८४४.४७ | ३८८१४६२९०.३७ |
| फरक | १६०६२४८०३.६९ | ३९९२४०१०९.६७ | १७२६२६१७१. | २२३८१२४५.७८ |

## ५ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४५,४२,१६,१६३.६० मौज्दात रहेकोमा यो वर्ष रु. ४५,४४,१८,७५९.५७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,०२,५९५।९७ वढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले विपत व्यवस्थापन कोष र ममर्त सम्भार कोषमा रु.१ लाख का दरले रु.२ लाख र पर्यटन प्रवद्धन कोषमा रु.१,१९६।८० तथा अन्य कोषमा रु १३९९.१७ समेत मौज्दात एकिन गर्न छुट भएकोले फरक परेको जनाएको छ ।

## ६ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ ।पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| बैंककोनाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक मौज्दात | कैफियत |
|---|---|---|---|---|---|---|
| | | आन्तरिक राजस्व खाता | ० | ५१७९३९६। १६ | ५१७९३९६। १६ | श्रवण महिनामा ट्रान्सफर गरेकोले बैंकमा रकम देखिएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | तर श्रेस्ता शुन्य भएको |
| नेपालबैंक लिमिटेड | १.६८०३E+१९ | ग २.२, चालू खर्च खाता- जोर वर्ष | १६,६२,४४,८११.८५ | ९६३९७२०८।८५ | ६९८४७६०३।८५ | ट्रान्सफर रकम भन्दा आम्दानी वढी जनाएकोले श्रेस्तामा मौज्दात वढी देखिएको |
| नेपालबैंक लिमिटेड | १.६८०३E+१९ | ग २.४, पुंजीगत खर्च खाता- जोरवर्ष | ८,२९,७०,१९३.०० | ४०००५६१२ | ४२९६४५८१ | |
| नेपालबैंक लिमिटेड | नगर शिक्षा कोष | ग २.७, विविध खर्च खाता | ८६,७७,५३५.९४ | ८६,७७,५३५.९४ | | |
| नेपालबैंक लिमिटेड | लैंगिक हिंसा निवारण | ग २.७, विविध खर्च खाता | ४,७५,०००.०० | ४,७५,०००.०० | | |
| नेपालबैंक लिमिटेड | स्थानिय विविध | ग २.७, विविध खर्च खाता | १२९६१४९६।४० | १२९६१४९६।४० | | |
| नेपालबैंक लिमिटेड | नगर स्तरिय बाल संरक्षण कोष | ग २.७, विविध खर्च खाता | ७१,६५,११८.९७ | २२१५११९ | ४९५०००० | ४९५००००० मुद्धति खातामा रहेकोले बैंक स्टेशमेन्टमा नदेखिएको |
| नेपालबैंक लिमिटेड | शव वाहन संचालन तथा व्यवस्थापन कोष | ग २.७, विविध खर्च खाता | १२२००० | १२२००० | ० | |
| नेपालबैंक लिमिटेड | कोरोना संक्रमण रोक तथा नियन्त्रण कोष | ग २.७, विविध खर्च खाता | ७,६४,३४८.३३ | ७,६४,३४८.३३ | | २ वटा कोभिड कोष खाताको एकमुष्ट रकम कायम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | गरिएको छ । |
| नेपालबैंक लिमिटेड | बाढी पिडित | ग २.७, विविध खर्च खाता | २,५२,९३९.०४ | २,५२,९३९.०४ | | |
| नेपालबैंक लिमिटेड | मर्मत सम्भार कोष | ग २.७, विविध खर्च खाता | १,८४,६१,८०९.८५ | १,८४,६१,८०९.८५ | | |
| नेपालबैंक लिमिटेड | कृषि विकास कोष | ग २.७, विविध खर्च खाता | ४०,४४,७७५.०० | ४०,४४,७७५.०० | | |
| नेपालबैंक लिमिटेड | स्वास्थ्य सामुदायिक कोष | ग २.७, विविध खर्च खाता | १,६३,०२२.५२ | १,६३,०२२.५२ | | |
| नेपालबैंक लिमिटेड | महिला तथा बाल बालिका | ग २.७, विविध खर्च खाता | २,१७,३९३.२९ | २,१७,३९३.२९ | | |
| नेपालबैंक लिमिटेड | गरिवी निवारण कोष | ग २.७, विविध खर्च खाता | १,६३,०२२.५२ | १,६३,०२२.५२ | | |
| नेपालबैंक लिमिटेड | पर्यटन प्रवर्द्धन कोष | ग २.७, विविध खर्च खाता | ३,४०,०४,७९७.३७ | ३,४०,०४,७९७.३७ | | |
| नेपालबैंक लिमिटेड | धरौटी खाता | ग ३.१, स्धानीय तह धरौटी खाता | ३,१५,३१,९६०.०० | ३,१५,३१,९६०.०० | | |
| नेपालबैंक लिमिटेड | १.६८०३E+१९ | ग ४.१, स्थानीय तह सञ्चित कोषखाता | ९,३०,४९,८४८.२२ | ९४४६५३५३।२२ | १४१५५०५ | |
| नेपालबैंक लिमिटेड | कर्मचारी कल्यान कोष | ग ५.१, स्थानीय तह विविध कोष खाता | ५६,७३,२७१.२९ | ६३१३५७६।२९ | ६४०३०५ | बैक नगदी अनुसार बैक स्टेटमेन्ट भिडान हुने तर म ले प फा नं २७२ अनुसार नमिलेको |
| नेपालबैंक लिमिटेड | १.१६८E+२० | ग ५.५, वातावरण विकास कोष खाता | ५,५३,४०२.८९ | ५,५३,४०२.८९ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेपालबैंक लिमिटेड | १.६८०३E+ १९ | ग ६.१, स्थानीय तह विभाज्य कोषखाता | ० | ० | | |
| नेपालबैंक लिमिटेड | १.६८००१ E+१९ | ग ७.१, स्थानीय तह आकस्मिक कोषखाता | २,४९,८५,२०४.७५ | २,४९,८५,२०४.७५ | | |
| नेपालबैंक लिमिटेड | १.६८०३E+ १९ | ग ७.२, स्थानीय तह प्रकोपव्यवस्थापन कोष खाता | १२,४१,३१७.०० | १२,४१,३१७.०० | | |
| | | | ४९३७२३२६८ | ३८३१९६२९० | १२४९९७३९१ | |

## ७ आन्तरिक नियन्त्रण प्रणाली -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

· सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको १४३ जनाको दरबन्दी रहेकोमा ३५ दरबन्दी रिक्त रहेको पाईयो ।

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

· स्थानिय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ८ बमोजिम कर्मचारीको कार्य विवरण अनुसुची-५ बमोजिमको ढाँचामा तयार गरी लागु गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले कार्य विवरण तयार नगरेको

·म.ले.प फारामहरुः कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गर्नुपर्ने ।

·मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ८ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको भएपनि सालबसालि रुपमा अद्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य अद्यावधिक राख्नुपर्दछ ।

१० **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समय सिमाभित्र उपलब्ध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

११ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१२ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।०९ मा रु.१ अर्ब २८

करोड ५० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।०९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## १३ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष विविध सार्वजनिक निर्माण शिर्षकमा रु.१ करोड ७५ लाख अबण्डा बजेट व्यवस्था गरी ३९ योजनामा रु.१,४५,१६,०८२।०० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| सि नं | मिति | भौ. नं. | विवरण | खर्च रकम |
|---|---|---|---|---|
| १ | ०५/२९/२०७९ | १३ | प्राथमिक स्वास्थ्यकेन्द्रमा टायल र गटर निर्माण | २,९१,६९३.०० |
| २ | ०७/०४/२०७९ | ३६ | मत गणनास्थल मर्मत | ६३,०००.०० |
| ३ | ०७/०५/२०७९ | ३८ | संलग्न निवेदन तथा विलभरपाइ वमोजिमको विभिन्न र | ५४,०००.०० |
| ४ | ०७/२४/२०७९ | ५३ | वडा नं. ९ को केशर बहादुर खड्कालाई आर्थिकसहयोग | ३०,०००.०० |
| ५ | ०९/०८/२०७९ | ७५ | पार्किङ्ग निर्माण | ४,३८,७०३.०० |
| ६ | १०/०३/२०७९ | ९९ | वडा नं.७ मा खानेपानीनिर्माण | ८०,०००.०० |
| ७ | १०/११/२०७९ | १११ | पार्टेशन - | ४,४३,६७०.०० |
| ८ | १०/१७/२०७९ | १२७ | साईट क्लियरेन्स | ३,०९,०९३.०० |
| ९ | ११/०८/२०७९ | १६० | जनता माध्यामिक विद्यालय | २२,३६९.०० |
| १० | ११/१९/२०७९ | १८७ | श्री महाकाली माध्यमिक विद्यालय | ५२,८३५.०० |
| ११ | १२/०७/२०७९ | २३४ | वडा नं. ९ सुनखानीमासडक सौर्य बत्ती जडानको | ७,६७,२९४.०० |
| १२ | १२/०९/२०७९ | २३७ | श्री सातकन्या माध्यामिक विद्यालयलाई | ४,४९,५३२.०० |
| १३ | १२/१४/२०७९ | २६५ | आरुखर्क दलित बस्तीसडक निर्माण | ९,६७,८८५.०० |
| १४ | ०१/१०/२०८० | ३१७ | काली देवी थान संरक्षण | ६५,७९६.०० |
| १५ | ०१/१४/२०८० | ३३० | तालामाराङमान्भन्ज्याङ बतासे ओखेनीचौर सडक निर्माण | ५,६२,३१३.०० |
| १६ | ०१/१५/२०८० | ३३४ | भैरबीस्थान मन्दिरमा घण्टी खरिद | २१,००३.०० |
| १७ | ०१/२५/२०८० | ३५० | राम्चेडाडा सुनखानीनवलपुर खण्ड सडक मर्मत | १७,०७,०६६.०० |

| | | | | |
|---|---|---|---|---|
| २१ | ०२/२५/२०८० | ४५० | सल्लेनी डाँडा ठाडोबाटो सिढी निर्माण | ४,७५,०००.०० |
| २२ | ०३/११/२०८० | ५३५ | वडा नं. १० कोसंसारेडाँडा फलामे शिखरपुर जुगे मोटरबाटो मर्मत | ३,७०,०००.०० |
| २३ | ०३/११/२०८० | ५३७ | वडा नं. १ मा सडकवत्ति जडान | ७,४८३.०० |
| २४ | ०३/१३/२०८० | ५६४ | वडा नं. ११ मा किरियाघर मर्मतको | ९६,२३३.०० |
| २५ | ०३/१३/२०८० | ५६६ | बगुवा आरन सुधार | ४,५३,७९६.०० |
| २७ | ०३/१८/२०८० | ६२१ | वडा नं. ६ र ११ को सडकमर्मत | ९,६६,१४८.०० |
| २९ | ०३/१८/२०८० | ६३३ | वडा नं. ८ कार्यालयपरिसर निर्माण | ३,८१,४५९.०० |
| ३० | ०३/१९/२०८० | ६४५ | वडा नं. ६ को बतासेखेल मैदान | २,४४,६४९.०० |
| ३२ | ०३/२०/२०८० | ६६१ | र धौलेश्वरी आधारभुतविद्यालयमा विद्युतिकरण | २,२९,४७३.०० |
| ३४ | ०३/२१/२०८० | ६७७ | पाँचपोखरी जोड्ने सडकमर्मतको | ८,४७,८०४.०० |
| ३५ | ०३/२१/२०८० | ६७८ | वडा नं. ३ को खानेपानीनिर्माण निर्माणको | १७,२७,०५१.०० |
| ३६ | ०३/२२/२०८० | ६९६ | वडा नं. १ को विष्णुमन्दिर निर्माण | ४,४२,०३८.०० |
| ३७ | ०३/२२/२०८० | ६९७ | पाँचपोखरी र इन्द्रावति जाने बाटो निर्माण | ८,८३,८७०.०० |
| ३८ | ०३/२२/२०८० | ७०२ | मेलम्ची बजार नजिकरहेको सार्वजनिक जग्गामा सम्याई पार्क निर्माण | ३,९४,२९९.०० |
| ३९ | ०३/२४/२०८० | ७७२ | मेलम्ची खाल्डे सडकनिर्माण | ९,००,०००.०० |
| | | | जम्मा | १,४५,१६,०८२ |

१४ **आय अनुमान —**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१ अर्व २८ करोड ५० लाख ५ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१ अर्व ६५ करोड २२ लाख ७ हजार अर्थात अनुमान भन्दा १२८.५८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१५ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित

अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १३ वडाको लागि वडागत र पालिकास्तरका कुल ५९४ योजनामा बजेट विनियोजन गरेको छ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २७२ | ७९ | ९९ | ९४ |
| २. | वडास्तरीय | ३२२ | ० | १४२ | १८० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५७१ योजनामात्र कार्यान्वयन भई २३ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.७३३७४२९६६।०० राजस्व बाँडफाँड र अनुदानबाट रु.११६९६३०७१८।०० समेत रु १९०३३७३६८४।००आम्दानी भएकोमा चालु तर्फ रु.९७६४७३९६२र पूँजिगत तर्फ रु.६६७८३०८६५.०० गरी कुल रु.१६४४३०४८२७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३०प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१८७४००००।०० खर्च भएको छ जुन आन्तरिक आयको २.५५ प्रतिशित रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.२८ प्रतिशत चालु र ३७.७२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१७ **लक्ष्य प्रगति :**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ५९४ | २३ | ० | ० | ५७१ |

## १८ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत(जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १४९७८८००० | १२२४०४३५५ | ८.७४ |
| २ | पुर्वाधार विकास | ५९८९४९०४७ | ४९३९१७४९९ | ३५.२६ |
| ३ | सामाजिक विकास | ५५१५५७००० | ४९७९३७७५३.५३ | ३५.५४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२४५०९००० | ९८२७५४७८ | ७.०२ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र प्रशासनिक | ३१०८४८४३९ | १८८३९७३२३.८६ | १३.४५ |
| | **जम्मा** | **१७३५६५१४८६** | **१४०१८३३३८८.३९** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३५.५४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ७.०२ प्रतिशत रहेको छ ।

## १९ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | ब.उ.शि.नं. | कुल खर्च | कुल खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथौ त्रैमासिक | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | पालिका कार्यक्रम | ६०८३७२ | ४५५५९ | ७१५५७ | १२१२८१ | ३६९९७५ | १५१२९३ |
| २ | पालिका शिक्षा | ३७९८३ | ७६७४ | ४९५० | ५१८२ | २०१७७ | १६८०६ |
| ३ | पालिका स्वास्थ्य | २८०५६ | ६८५ | ३७९७ | १२०३६ | ११५३८ | ९७६० |
| ४ | पालिका कृषि | १६११८ | १४४५ | ३१५९ | ६०७६ | ५४३९ | २६०० |
| ५ | पालिका पशु | ९६९५ | १५४५ | ३३२८ | २४९६ | २३२६ | २१०८ |
| ६ | महिला तथा बालबालिका | १२३५५ | १७३४ | २२८६ | १८३२ | ६५०३ | ३७३१ |
| ७ | गत जिम्मेवारीको योजना | २०९१८८ | ११९७६५ | ३३७९८ | ३५५७९ | २००४६ | ११८१६ |
| ८ | प्रदेश समपुरक | २५२३९ | ० | ० | ० | २५२३९ | १२९३१ |
| ९ | आयुर्वेद कार्यक्रम | १००० | ० | १००० | ० | ० | ० |
| १० | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ३८३०३९ | ९७८५० | ७११३१ | ९३६९८ | #VALUE! | १०४१७३ |
| ११ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ४५७८८ | १३५० | १०९१ | ८०९८ | ३५२४९ | २४७८५ |
| १२ | संघीय विशेष र समपुरक कार्यक्रम | २५००० | १३० | ५२१५ | ८२०९ | ११४४७ | १०६२५ |
| १३ | सामाजिक सुरक्षा कार्यक्रम | २०९८२३ | ५००५१ | ० | ५३२५५ | १०६५१७ | ५३६१३ |
| १४ | एकिकृत स्वास्थ्य | ३३५५० | ० | ९१९६ | ४०३४ | २०३२१ | १२८९४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पूर्वाधार विकास | | | | | | |
| जम्मा | | १६४५२०७ | २३७७८८ | २६०५०८ | ३९१७७५ | ७५५१३६ | ४१७१३७ |
| **प्रतिशत** | | | **१४.४५** | **१५.८४** | **२३.८१** | **४५.९** | **२५.३५** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१,६४,५२,०६,५५३.३९निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२३,७७,८७,७२३.६९.०० (१४.४५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २६,०५,०८,००७.२३ (१५.८४प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ३९,१७,७५,२५६.२३ (२३.८१ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ७५,५१,३५,५६६.१४ (४५.९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४१,७१,३६,५८४.६० (२५.३५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## २० वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.६३४२८१०००.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना बनाई खरिद कार्य गरेको भए पनि सो को पुर्ण पालना नगरेको र खरिद गुरुयोजना बनाएको छैन। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजनाको प्रभावकारी रुपमा पालना गर्नुपर्दछ ।

## २१ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ४ वटा नियमावली, ३० कार्यविधि ४ निर्देशिका १ नम्स लगायत ५७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२२ **न्यायिक समिति —**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो वर्ष थप भएको ३१ गरी कुल ३८ विवाद दर्ता भएकोमा २५ वटा मात्र फस्यौंट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२३ **वितरणमुखी खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले देहायका ८ वटा वितरणमुखी कार्यक्रम संचालन गरी रु ५९०६६२७ खर्च गरेकोमा सम्बन्धित लाभग्रहिले समान बुझेको भर्पाइ नभएको र वितरित पाइप जडानको प्राविधिक मुल्याङ्कन समेत राखेको देखिएन । अतः बुझेको भर्पाई र प्रविधिक मुल्याङ्कन समेत पेश गरी खर्च नियमित गर्नु पर्दछ ।

| भौ नं | सामानको विवरण | सप्लायर्स | भुक्तानी | |
|---|---|---|---|---|
| पुजीगत २७२ | पाइप खरिद | साउथ एसियन पोलि पाइप इन्डस्ट्रिज | २२३३३४३ | |
| पुजीगत ७९४ | पाइप खरिद | एम पि हार्डवेयर | १३९९५० | |
| पुजीगत २९० | पाइप खरिद | साउथ एसियन पोलि पाइप इन्डस्ट्रिज | १७६०५११ | |

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.१७७२८२३ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ४१,३३,८०४ |

२४ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ९२ व्यक्तिहरुलाई रु.१६१२२१०.०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ७३३७४२९६६.०० को ०.२२

प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी अपारदर्शि रुपमा आर्थिक सहायता दिने कार्य नियन्त्रण हुनु पर्दछ ।

## २५ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

वागमती प्रदेश स्थानिय स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दरबन्दी सृजना तथा पुनरावलोकन गर्दा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजक्तवमा समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १४३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १०८ जना पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

## २६ तलवी प्रतिवेदन

वागमती प्रदेशको स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा ६९ (५) वमोजिम प्रतिवेदन पारित नगराई तलब खर्च लेख्नु नहुने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ७८ कर्मचारीको रु.४५८१००००.०० र शिक्षातर्फ शिक्षकहरुको रु.२६७३०१६१४.०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारीत नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## २७ कर्मचारी व्यवस्था

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ वमोजिम स्थानीय सेवाका कार्मचारीले गर्नुपर्ने कामका लागि करारमा नियुक्ती गर्न नपाईने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१२११९०८८.०० भुक्तानी गरेको पाइयो । स्वीकृत दरबन्दिमा स्थायी कर्मचारी पदपुर्ती गर्नुपर्दछ । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|

| | | |
|---|---|---|
| इन्जिनियर | ४ | २३११८२८ |
| वातावरण अधिकृत | १ | ५७७९५७ |
| कम्प्यूटर अपरेटर | १ | ४६१४९० |
| प्रा स ( शिक्षा ) | १ | ४०३४९१ |
| सव इन्जिनियर | २ | ९२२९८० |
| अमिन | १ | ४३७७२६ |
| साहयक चौथो | ६ | २६२६३५६ |
| असिष्टेन्ट सव इन्जिनियर | ९ | ३९३९५३४ |
| सहायक कम्प्यूटर अपरेटर | १ | ४३७७२६ |
| जम्मा | | १२११९०८८ |

| | |
|---|---|
| अनियमित भएको | १,२१,१९,०८८ |

## २८ आयोगको परामर्श

बागमती प्रदेश "स्थानीय सेवा (गठन तथासञ्चालन) ऐन, २०७९ को दफा ३४ बमोजिम स्थानीय सेवाको पदमा बढुवा सिफारिस गर्न प्रदेश लोक सेवा आयोगको सदस्यको अध्यक्षतामा रहेको ५ सदस्य बढुवा समितिको सिफारिसमा बढुवाको लागि कर्मचारी सिफारिस गर्नुपर्ने व्यवस्था छ । ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर २४ स्थानीय तहले कर्मचारीको स्तरवृद्धि गरी उक्त कमर्चारीलाई यो वर्ष रु.१९३२०।०० थप रकम भुक्तानी भएको छ । आयोगको परामर्श बेगर स्तरवृद्धि गरी खर्च लेखेको रकम असुल हुनुपर्दछ।

| सि नं | नाम | | साविकको तलब ( ग्रेड समेत) | हालको तलब ( ग्रेड सहित) | थप तलब खाएको अवधि | थप रकम |
|---|---|---|---|---|---|---|
| १ | झपेन्द्र राज खरेल ( आठौ) | २०७९।१०।१ | ५६५४७ | ५८४८७ | ६ महिना | ११६४० |
| २ | हरिगोपाल श्रेष्ठ ( पाँचौ) | २०७९।१०।५ | ४३८७२ | ४५१५२ | ६ महिना | ७६८० |
| **जम्मा** | | | | | | **१९३२०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,३२० |

## २९ स्थानीय भत्ताः

भ्रमण खर्च नियमावली,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग अवधिभरी र फिल्ड भत्ता बैठक भत्ता तालिम भत्ता स्थानीय भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता बैठक भत्ता तालिम भत्ता स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ ।कर्मचारीलाइ दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन कार्यालयबाटै एकिन गरी दैनिक भत्ता उपभोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नु पर्दछ।

## ३० सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र १५७ वटा सहकारी संस्था मध्ये ६७ वटाले COPOMIS को पासवर्ड लिएको भए पनि विवरण भरेका छैन्न । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ३१ जिन्सी व्यवस्थापन तथा निरिक्षण

३१.१ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३१.२ **जिन्सी** ✓ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट सम्परीक्षण गरिएको ।)***

३१.३ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ .

**रु. हजारमा**

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न | १८ | ३४५४७५००० | १२७२०.०१ वर्ग मिटर |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न | ३६ | २९७६२८९४ | |
| उपकरण (रु.१ लाखभन्दा बढी) | | | | विवरण पेश नभएको |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | | | विवरण पेश नभएको |
| अतिक्रमणमा परेको जग्गा | | | | विवरण पेश नभएको |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | विवरण पेश नभएको |

३२ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १११८५८८००० | ७३३७४२९६६ | ६५.६० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६५.६० प्रतिशत मात्र रहेको छ ।

३३ **कर्मचरी कल्याण कोषबाट खर्चः**

कर्मचारी कल्याण कोष संचालन सम्वन्धि कानुन नबने सम्म उक्त कोषबाट खर्च लेख्न मिल्दैन। पालिकाले यस बर्ष कोषबाट अवकास भएका निम्नानुसार कर्मचारीहरुलाई रु. २५९६१५६.०० भुक्तानी गरेको छ । कोषको संचालन कार्यविधि तयार नभएको अवस्थामा खर्च लेखु नियमसम्त देखिएन ।

| भौ नं र मिति | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|
| २-०७९।७।१६ | मान लामा तामाङ्ग | १५३९६४९ |
| ४-०७९।१२।१३ | हर्क बहादुर तामाङ | ९४६०९९ |
| ५-०८०।३।३१ | दुर्गा गिरी ( करार कर्मचारी) | ११०४०८ |
| | **जम्मा** | **२५९६१५६** |

३४ **कर्मचारी प्रोत्साहन भत्ता —**

बागमती प्रदेश "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ (४) वमोजिम स्थानिय तहका कर्मचारीहरुलाई कार्य सम्पादनामा आधारित प्रोत्साहन भत्ता आन्तरिक श्रोतका आधारमा गर्न सकिने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.७१८१९५८.०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेखुपर्दछ ।

३५ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.३३४३०६.०० बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्दछ ।

| **SN** | **पेश्की लिएको मिति** | **गो. भौ. न.** | **पेश्कीको विवरण** | **पेश्की लिने** | **कर्मचारी भए पद** | **चालुआ. व.** | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | **म्याद ननाघेको** | **म्यादनाघेको** |

| | | | | | | रकम | फछ्र्यौटको अन्तिम म्याद | |
|---|---|---|---|---|---|---|---|---|
| २ | संस्थागत | | | | | | | |
| ११ | ०७/२४/२०७९ | १६३ | पानीतथा बिजुली | नेपालविद्युत प्राधिकरण | | | १०/२९/२०७९ | ३४,३०६.०० |
| | | ९ | विपद् व्यवस्थापन कोषको कार्यक्रम | नेपाल विद्युत प्राधिकरण | | | २०७९/१२/३० | २,००,०००.०० |
| | | ५४ | मर्मत सम्भार कोष | नेपाल विद्युत प्राधिकरण | | | २०८०/०२/१७ | १,००,०००.०० |
| कुलजम्मा | | | | | | | | ३३४३०६ |

| | |
|---|---|
| पेश्की | ३,३४,३०६ |

## ३६ म्याद ननाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायको कार्यक्रमका लागि दिएको मोबिलाइजेशन पेश्की रु १५७२०००० फछ्यौंट गर्न बाकी देखिएको र गत वर्षको पेश्की यस वर्ष फछ्यौंट गर्न बाकी देखिएकोले नियमित रुपमा फछ्यौंट गर्नुपर्दछ ।

| SN | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | चालुआ. व. | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको | | म्यादनाघेको |
| | | | | | रकम | फछ्यौंटकोअन्तिम म्याद | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | २०७९/०८/१४ | ५९ | सामुदायिकतालिम केन्द्र निर्माण द्यौले | शान्तीदेवी / ईफ्फाता जे.भी. | ७,००,०००.०० | २०८०/०३/३० | |
| २ | २०७९/०८/२१ | १४ | बाहुनेपाटिमेलम्ची खाल्डे सडक स्तरउन्नति कार्य | बटु सफल।रुद्रादेवी जे।भी | ४६,००,०००.०० | २०८०/०३/२८ | |
| ३ | २०७९/०८/२१ | १६ | बाहुनेपाटिमेलम्ची खाल्डे सडक स्तरउन्नति कार्य | बटु सफल।रुद्रादेवी जे।भी | ४,००,०००.०० | २०८०/०३/२५ | |
| ४ | २०७९/०९/२५ | ८९ | वडाकार्यालय भवन निर्माण (वडा नं ४, ७, र १२) | गेहेन्द्रलक्ष्मी । जुगल हिमशिखर जे.भी. | १०,६०,०००.०० | २०८०/०३/३० | |
| ५ | २०७९/०९/२९ | १० | १३ नंस्वास्थ्य चौकी भवन निर्माण | एसडिएसब्रदर्स / भाटभटेनी जे/भी | १५,५०,०००.०० | २०८०/०३/२५ | |
| ६ | २०७९/१०/२७ | १३ | १३ नंस्वास्थ्य चौकी भवन निर्माण | एसडिएसब्रदर्स / भाटभटेनी जे/भी | ४,५०,०००.०० | २०८०/०३/२५ | |
| ७ | २०७९/१२/०१ | २०९ | वडाकार्यालय भवन निर्माण (वडा नं ४, ७, र १२) | गेहेन्द्रलक्ष्मी । जुगल हिमशिखर जे.भी. | २१,००,०००.०० | २०८०/०१/०६ | |
| ८ | २०८०/०१/२६ | ३५६ | वडाकार्यालय भवन निर्माण (वडा नं ४, ७, र १२) | रुक्मिनी ।न्युटेक जे. भी. | ४७,६०,०००.०० | २०८०/०२/३० | |
| ९ | २०८०/०२/२२ | ४३८ | प्रज्ञा आवि भवन निर्माण | शाक्यमुनीबुद्ध कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | १,००,०००.०० | २०८०/०३/२५ | |
| | | | जम्मा | | १,५७,२०,०००.०० | | |

३७ **मेलमिलाप केन्द्रः**

**........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु. २६१,६४० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

३८ **समन्वय भत्ताः**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. २२७६४० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९ **विपद व्यवस्थापन कोषः**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२१ को निर्णयबाट रु.* २,२४२,५०० *सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४० **बढि भुक्तानी** ( २२ -२०७९-६-२१):

सार्वजनिक खरिद नियमावली २०६४ को निमय ९७ (६)बमोजमि उपभोक्ता समितिले कामको प्राविधिक मूल्यांकन, बिल भरपाई र खर्च प्रमणित कागजात सामुदायको बैठकबाट अनुमोदन गराई पेश गरेको आधारमा सार्वजनिक निकायले भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तेर्से माध्यमिक विद्यालय संरक्षण उपभोक्ता समितिमार्फत लागत अनुमान रु.२११९७९३।०० भएको निर्माण कार्यको पालिकाले रु.१७८६०००।०० व्यहोर्ने गरी सम्झौता भएकोमा निर्माण कार्यको मुल्यांकन गर्दा ४५१.२५ घ.मि. भएकोमा ग्यावियन ४२६ घ.मि. मात्र खरिद भएको देखिएकोले २५.२५ घ मि बढी मुल्याङ्कन भएको देखिएकोले भुक्तानी भएको दर रु.४६०२।११ ले रु.११६२०३।०० भुक्तानी भएको रकममा उपभोक्ताको अंश र कन्टिजेन्सी कट्टा गरी रु.९७५८३।०० असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९७,५८३ |

४१ **शिक्षकको अभिलेख तथा तलब**

४१.१

शिक्षा नियमावली २०५९ मा शिक्षा सेवा आयोगबाट नियुक्त वा बढुवाको लागि सिफारिस भइ आएका शिक्षकलाइ नियुक्त गर्ने सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अध्यावधिक गरि राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले नियमावलीमा व्यवस्था भए बमोजिमको विद्यालयगत दरबन्दी अभिलेख काज आएका काजमा गएका सरुवा भइ आएका तथा गएका सेवा निवृत भएका विदामा रहेका नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी विवरण आदिको अभिलेख व्यवस्थित रुपमा राखेको पाइएन । त्यस्तै विद्यालयगत शिक्षकको नामनामेसि सहितको अभिलेख अध्यावधिक नगरेको स्थानीय तह सर्वजनिक विद्यालयको

शैक्षिक गुणस्तर कायम गर्न अनुगमन गरी प्रतिवेदन तयार नगरेके कारण दोहोरो निकासा हुन सक्ने दरवन्दी भन्दा बढी शिक्षकहरुको तलब विद्यालयमा निकासा हुन सक्ने तथा शिक्षकको समग्र व्यवस्थापन गर्न कठिन हुन जान्छ तसर्थ नियमावलीको परिपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यवस्थापनमा ध्यान जानु पर्ने देखिन्छ ।

४१.२ नगरपालिकामा शिक्षकको तलब भत्ता निकासा गर्नु पुर्व दरबन्दी अनुसार कार्यरत शिक्षकहरु एकिन गरि तलब भत्ता निकासा गर्नु पर्ने त्यस्तै मागफाराम सोही आधारमा रुजु गरी विधालयगत निकासा लेजर तयार गरी निकासा लेजर नराखेकोले निकासा एकिन गर्न कठिनाइ परेको छ । गाउँपालिकाले दरबन्दी विवरण कार्यरत शिक्षक विवरण सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नु पर्दछ ।

४२ **विल भरपाइ पेश हुनु पर्नेः** (२०७-२०८०-३-२०):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७, को दफा ३९ को (५) मा खर्चको विल भरपाइ पेश हुन पर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाले व्यवस्थापकियय तथा शैक्षिक सुधारमा उत्कृषठ कार्यगरेको विद्यालयलाई नतिजामा आधारित प्रोत्साहन अनुदान दिने प्रावधान रहेकोमा श्री तेर्से माध्यामिक विद्यालय मेलम्ची नगरपालिका ६ छनोट समितिको निर्णयानुसार अनुसार CHRD अनुसार उक्त विद्यालयलाई शिक्षामा रु ५००००० अनुदान वितरण गरेकोमा बिलभर्पाइ पेश हुनुपर्ने अन्यथा असुल गरि बेरुजु खातामा दाखिला हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

४३ **विद्यालय दरवन्दी र पदपुर्ती** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । अतः शिक्षक विद्यार्थि अनुपात अनुसार दरबन्दी मिलान गर्ने र भैगोलिक अवस्था समेत विचार गरी कक्षा संख्या घटाई शिक्षक सरुवा गर्नु पर्दछ ।

**(विस्तृत विवरण अनुसूची ४ मा संलग्न छ ।)**

४४ **ग्रामिण दुरसंचारः**

नगरपालिकामा रहेको पालिका अन्तरगतको विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान गर्न लागत अनुमान रु.११३४२८५२।०० भएको कार्य बोलपत्र माध्यमबाट न्यून कबोल गर्ने अल्ट्रानेट कम्न्यूकेशन प्रा.लि बनेपा काभ्रेसँग रु.६८२६३३९।०० मा सम्झौता भएको देखियो । पालिकाले २०७९।७।४ गते सम्मझौता गरी २०७९।१०।४ भित्र कार्य सम्पन्न गर्ने गरी कार्यादेश दिएकोमा उक्त सेवा प्रदायक संस्थाले हालसम्म कार्य तालिका पेश नगरेको तथा कार्य संचालन नगरेको भनि २०७९।१२।१५ मा ताकेता पत्र पठाई ५ दिन भित्र कार्य शुचारु नगरेको सम्वन्धमा जवाफ सहित हाजिर हुन भनिएकोमा सो हालसम्म उक्त पत्रको जवाफ प्राप्त

नभएको जनाएको छ । तत् पश्चात पालिकाले ताकेता समेत नगरेको र सेवा प्रदायकले कार्य प्रारम्भ गरेको प्रमाण पेश भएन । अतः सेवा प्रदायकलाई सार्वजनिक खरिद नियमावली बमोजिम कार्यसम्पादन जमानत र सम्झौताको म्याद थप गरी पुर्वनिर्धारित क्षतिपुर्ती लिई कार्य सम्पन्न गर्नुपर्ने अन्यथा कार्यसम्पादन जमानत १७४९००० जफत गरी सार्वजनिक खरिद ऐन दफा ५९ को प्रक्रिया पुरा गरी सम्झौताको अन्त्य र सोको उपचार गर्नुपर्ने देखिन्छ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,४९,००० |

## ४५ उपभोक्ताले मेसिन प्रयोग तथा खरिद कार्य

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९) मा उपभोक्ता समिति मार्फत संचालन हुने निर्माण कार्यमा लोडर एक्साभेटर, डोजर जस्ता हेभि मेसिन प्रयोग गर्न नपाइने उल्लेख छ । गर्नैपर्ने देखिएमा प्राविधिकको सिफारिसमा मात्र प्रयोग गर्नुपर्ने तथा उपभोक्ता समितिले पाएको कार्य निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नपाईने उल्लेख छ । माथि उल्लेखत उपभोक्ता समितिले पेश गरेको खर्चको बिल भरपाई परिक्षण गर्दा अधिकतम कार्य मेसिनबाट भएको तथा खरिदको बिलहरु पेश गरेको छ । उपभोक्ता समितिलाई श्रममुलक निर्माण कार्य गराउनु पर्नेमा मेसिन प्रयोग हुने कार्य तथा खरिदको अंश बढि भएको निर्माण कार्य उपभोक्त मार्फत गराएको देखिन्छ । उक्त कार्य उपभोक्ता समितिले सब कन्ट्रयाकटरबाट गराएको अवस्था देखिन्छ । यस्तो प्रकृतिको कार्य बोलपत्रको माध्यबाट खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि नं | योजनाको नाम | लागत अनुमान | मुल्यांकन | सप्लायर्स | विल रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | नेपाने झोलुङ्गे पुल बस्ती तथा खेती योग्य जमिन संरक्षण | ५००१४०१ | ४७०७३६७ | गोसाइकुण्ड निर्माण सेवा ( एक्साभेटर) | २०२७३७० | ४०२६२३४ |
| | | | | भैरबीइन्टरप्राइजेज ( इन्धन) | ८००८२८ | |
| | | | ६० | बिल रकम (६९ प्रतिशत ) | २८२८१९८ | |
| | | | | ज्याला ( ३१ प्रतिशत ) | १२६८४८० | |
| २ | दनुवार वस्ती एवम् खेति योग्य जमिन संरक्षण | ५००६५५२ | ५०१०६३८ | कपिल निर्माण सेवा (इक्साभेटर) | ११९१०२० | ४२७५००० |
| | | | | सोचनेपाल कन्स्ट्रक्सन (इक्साभेटर) | १५९७८३४ | |
| | | | ७० | भैरबीइन्टरप्राइजेज ( इन्धन) | ७१५००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आशपुरीवाइर प्रा लि ( ग्याबियन) | ७९०४१२ | |
| | | | | बिलरकम ( ८५ प्रतिशत ) | ४२९४२६<br>६ | |
| ३ | मेलम्ची दोभान बस्ती एवम् खेतियोग्य जमिन संरक्षण | ५००२४१<br>३ | | श्रीदेवीट्रेड एण्ड सप्लायर्स (सिमेन्ट) | ५०९१०० | ४२५३५<br>६२ |
| | | | | एन पिहार्डवयर ( सिमेन्ट) | १४६९०० | |
| | | | ६२ | गहेन्द्र लक्ष्मी निर्माण सेवा २ थान विल (एक्साभेक्टर) | २५१४१५<br>५ | |
| | | | | राजेश हार्डवेयर प्रा लि ( इन्धन) | ५८१०७२ | |
| | | | | बिल रकम (७७प्रतिशत ) | ३७५१२२<br>७ | |
| | | | | डोर हाजिर | ११२६२०<br>० | |
| | | | | | ४८७७४२<br>७ | |
| ७७७ | वडा नं २ पहिरो नियन्त्रण | २२२३९५३ | ११४८०९८ | मनिस एण्ड आशिस इन्टरप्राइजे | २३५००२ | ९८०८५<br>९ |
| | | | | चामुण्डा निर्माण सेवा | १८४३३१ | |
| | | | | सोच नेपाल कन्स्ट्रक्सन प्रा लि | ५९८७०७ | |
| ७७६ | चिसापानी डाडाखेत १५ नंम्बर मोटरबाटो स्तोरोन्नती | १११२०५<br>२ | ९८८०७४ | चामुण्डा निर्माण सेवा | ३९६९२६ | ८४४०८<br>८ |
| | | | | युनाइटेड कंकृट इण्डष्ट्रिज | २४४४९९ | |
| ७४२ | पधेराचौर फट्केश्वर सडक ग्राभेल | २७७८२८<br>५ | २७७९४३<br>४ | मेलम्ची पाँचपोखरी कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि ( ग्याबियन तथा स्काइभेटर ) | १९४७६२<br>० | २३७५०<br>०० |
| | | | | भैरवी इन्टरप्राइजेज (इन्धन) | | |
| | | | | पंचमुखी महादेव सप्लायर्स ( ग्राभेल) | १२१४७५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बिल रकम ( ९२.४३प्रतिशत ) | २५६९०९<br>७ | |

४६ **सोझै खरिद**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. १,६६,३८,२५६.९१ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

४७ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

४८ **दोहोरो सुविधाः**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु. ३२४००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **पुस्तकालय ICT विज्ञान प्रयोगशालाको लागि अनुदान**

विद्यालय क्षेत्र सुधार कार्यत्रम कार्यान्वयन पुस्तिका आ.व. २०७९/२०८० को क्रियाकलाप नं २.१५.११.७८८ मा स्थानीय निकायले पुस्तकालय नभएका विद्यालयहरुलाई ICT ल्याव, विज्ञान प्रयोगशाला अनुदान दिएकोमा निम्न विद्यालयहरुको विल भरपाइ पेश नभएको र बिल भर्पाइ पेश भएकोमा समेत कार्यान्वय पुस्तिका अनुसार अनुगमन गरेको प्रतिवेदन पेश भएको छैन । पालिका शिक्षा शाखाले अनुगमन गरि प्रतिवेदन पेश गर्नुपर्ने र सम्बन्धीत विद्यालयले विल भरपाइ समेत पेश गर्नुपर्ने देखिन्छ ।

| **गोश्वार भौचर र मिति** | **विद्यालयको नाम** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| भौंनं १२०/२०८०।१।१३ | सेतीकादेवी मा. वि. | १३०००००.०० | बिल भर्पाइ नभएको |

*✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको आधारमा मिति २०८१।०१।२१ को निर्णयबाट रु. २६००००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,००,००० |

५० **बैठक भत्ताः**

वागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ दफा ४ मा सदस्यको भत्ता सम्बन्धमा पदाधिकारीले मात्र पाउने व्यवस्था गरेको छ । यस मेलम्ची पालिकाका १३ वटै वडामा कार्यरत सचिवहरुलाई मासिक ४ वटा वैठकको प्रति बैठक रु १००० का दरले रु ६२४००० को १५ प्रतिशतले हुने कर ९३६०० कट्टी गरि रु ५३०४०० भेक्तानी गरेको पाइयो । ऐन अनुसार पदाधिकारीलाई भुक्तानी गर्नुपर्नेमा कर्मचारीलाई समेत भुक्तानी गरेकोले नियमानुसार असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,३०,४०० |

५१ **शिक्षकसेवा तयारी कक्षाः** (१३३-२०७९-७-२):

*✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।३१ को निर्णयबाट रु. ६००००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५२ **स्वकिय सचिवः**

बाग्मती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकरी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ संसोधन समेत यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव राख्न पाउने व्यवस्था छैन। त्यसै गरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ती गर्न नहुने उल्लेख छ । नगर प्रमुख तथा उप प्रमुखको लागि स्वकिय सचिवको रुपमा सहायक चौथो वा सो सरह २ पदमा नियुक्ति गरी पालिकाले मासिक रुपमा तलब भुक्तानी गरि बार्षीक रु ८५५४५२ खर्च लेखेकोले बढी व्यभार परेको छ ।

| | |
|---|---|
| अनियमित भएको | ८,५५,४५२ |

## ५३ कार्यसम्पादन जमानतः

सम्झौताको शर्त बमोजिम बिज्ञापन कर बापतको सम्झौता रकम बराबरको कार्यसम्पादन जमानत राख्नुपर्ने व्यवस्था छ । पालिकाले साइन हब प्रा ली संग प्रथम वर्षका लागि ३०२६५०र बाकी २ वर्षका लागि प्रति वर्ष १० प्रतिशतले वृद्धि हुने गरी रु ६९९१२१.५० बिज्ञापन कर असुल गर्ने सम्झौता भएको देखिन्छ । उक्त प्रा ली ले पहिलो वर्षको रु ३०२६५० दाखिला गरेपनि बाकी दुई वर्षको लागि कार्यसम्पादन जमानत राखेको नदेखिएकाले सो को प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९९,१२१.५ |

## ५४ प्रदेश समपुरकः

समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को वुदा नं ४ (२) अनुसार प्रदेश सरकारले कुल लागतको वढीमा ५० प्रतिशत सम्म समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ । पालिकाले प्रदेश समपुरक अनुदानबाट २ वटा योजनामा रु. १,१७,७७,०२९.०० खर्च लेखेकोमा पालिकाले साझेदारी गरेको देखिएन। कार्यविधि अनुसार पालिकाले ५० प्रतिशतले हुने रु.५८,८८,५१४.०० व्यहोर्नुपर्नेमा रु.१,०२,४४,०००.०० खर्च लेखेकोले रु.९७,२१,५०७.०० प्रदेश संचित कोषमा फिर्ता हुनुपर्दछ ।

| सि न | योजनाको नाम | ठेक्का सम्झौता रकम | खर्च रकम | समपुरक प्रदेशबाट खर्च लेख्न मिल्ने रकम | खर्च लेखेको रकम | फिर्ता गर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | ९ नं वडा कार्यालय भवन निर्माण | २४४९७५५७।४९ | १९२५७९५७ | ९६२८९७८।५० | १४९९५००० | ५३६६०२१।५ |
| २ | फटक शिला स्वास्थचौकि भवन निर्माण | १९९५६३६५।०२ | ११७७७०२९ | ५८८८५१४।५० | १०२४४००० | ४३५५४८५।५ |
| जम्मा | | ४४४५३९२२।५१ | ३१०३४९८६ | १५५१७४९३ | २५२३९००० | ९७२१५०७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,२१,५०७ |

## ५५ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

**५६ प्रोभिजनल सम बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ (५) बमोजिम खर्च लेख्दा बिल भरपाई, प्रमाण र पुस्टयाइ गर्ने कागजात राख्नुपर्ने व्यवस्था छ । १३ नम्बर वडा कार्यालय भवन निर्माण व्यवसायी स्वराज मालिका जे.भि. लाई ल्याब टेस्ट बापत रु.५५०००.०० र सुचना बोर्ड बापत रु. ५०००.०० समेत रु.६००००.०० को बिल भर्पाई भएकोमा रु.११७५०७.०० भुक्तानी गरेकोले रु.५७५०७ .०० बिल भन्दा बढि भुक्तानी भएकोले असुल गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,५०७ |

**५७ परामर्स तथा डीपीआर खर्च —**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

**(विस्तृत विवरण अनुसूची ५ मा संलग्न छ ।)**

**५८ ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन, मुल्य समायोजन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। विवरण नराख्दा कार्यसम्पादन जमानत, पेश्की जमानत रकम

र म्याद बिमा रकम र म्याद एवं कार्यसम्पन्न अवस्था एकिन गर्न कठिनाइ परेको छ । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

### ५९ प्राविधिक बिल र कार्य सम्पन्नः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

### ६० ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५ देखि ४८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहाय अनुसार रहेको छ ।

| क्र. स. | कार्यक्रमको नाम | ठेक्का नं. | लागत अनुमान | स्विकृत रकम | लागत अनुमान |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | का तुलनामा घटी प्रतिशत |
| १ | Upgrading of Bahunepati Melamchi Khalde Road | MMSI/WORKS/NCB/2079-80/02 | ३९९९७३३३ | २९५१३५०० | २६ |
| २ | Construction of Fataksila Health Post Building | MMSI/WORKS/NCB/2079-80/03 | २५२९६३५७ | १९९५६३६५ | २१ |
| ३ | Construction of 9 No. Office Building | MMSI/WORKS/NCB/2079-80/05 | ३३९९४८५४ | २४४९७५५८ | २८ |
| ४ | Upgrading Works of Gairigaun-Sunkhani-Lagarche Sadak | MMSI/WORKS/NCB/2079-80/06 | ७९९९९६२ | ५०५२७५८ | ३७ |
| ५ | Upgrading Works of Bahunepati Khatritole Thakle Sadak | MMSI/WORKS/NCB/2079-80/07 | ९९९९७५९ | ६३०९४२२ | ३७ |
| ६ | Construction of 7 No. Ward Office Building | MMSI/WORKS/NCB/2079-80/08 | २९९९८५७९ | २५४००४४३ | १५ |
| ७ | Construction of FataksilaThati Area Drinking Water Supply Project | MMSI/WORKS/NCB/2079-80/09 | २९९९०९२ | १७९०६७४ | ४० |
| ८ | Uprading Works of Dauchet Keurani Labhagaun Sadak | MMSI/WORKS/NCB/2079-80/12 | ४४९८६०० | ३७०६५३४ | १८ |
| ९ | Upgrading Works of Talamarang Manebhanjyang Batase Road | MMSI/WORKS/NCB/2079-80/13 | ३९९८०२७ | ३१५८१५९ | २१ |
| १० | Upgrading Works of Nagarchakrapath (Zerokilo Haibung Pati Bhanjyang Sadak) | MMSI/WORKS/NCB/2079-80/14 | ८२७७३५१ | ४८९६९५३ | ४१ |
| ११ | Upgrading Works of Surung Dadakateri Okhreni Sadak | MMSI/WORKS/NCB/2079-80/15 | ६९९२७४७ | ४१०६४९६ | ४१ |
| १२ | Upgrading Works of Pati Bhanjyang Motorbato | MMSI/WORKS/NCB/2079-80/16 | ३५७२०९५ | २६८२९६१ | २५ |
| १३ | Construction of Nagarchakrapath Talamarang Bhattar Dubachaur Road | MMSI/WORKS/NCB/2079-80/18 | ४९९७०२७ | ३६५६७१८ | २७ |
| १४ | Upgrading Works of Bhotedada Pandherachaur Thati Sadak | MMSI/WORKS/NCB/2079-80/19 | २९९९७१३ | १८२५३२९ | ३९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | Construction of Ramche Sunkhani Nawalpur Road | MMSI/WORKS/NCB/2079-80/.19 | ५७७८६३० | ५२६२९१६ | ९ |
| १६ | Upgrading Works of Di khola Di Siran aahal tole Sadak | MMSI/WORKS/NCB/2079-80/20 | ३२९४३०९ | २२९७५५७ | ३० |
| १७ | Construction of Melamchi Gufa Dada Road | MMSI/WORKS/NCB/2079-80/21 | ८१६६९७४ | ५४१०९८० | ३४ |
| १८ | Sindhukhola Giranchaur Mahabir Sadak Upgrading Work | MMSI/WORKS/NCB/2079-80/22 | ७९९७४२३ | ६४७३७७२ | १९ |
| १९ | Shikharpaur Pipalchaur Purano sahakari Sadak Upgrading Work | MMSI/WORKS/NCB/2079-80/23 | ३४९६६८१ | २५१२४१८ | २८ |
| २० | Construction of River Training Works at Melamchi -11 | MMSI/WORKS/NCB/2079-80/27 | १२९९९०५५ | ६७३१४५८ | ४८ |
| २१ | Construction of Temporary Buspark | MMSI/WORKS/NCB/2079-80/28 | ६४९८४३६ | ५०६१०६५ | २२ |
| २२ | Construction of Mahadevthan Kaijale Solithumka Sinchai Yojana | MMSI/WORKS/NCB/SQ/2079-80/02 | १८१९९१० | १३३९०३० | २६ |
| २३ | Construction of water supply scheme at Melamchi,Mun-3 | MMSI/WORKS/NCB/2079-80/26 | ५४३८४८७ | ३७३१६६९ | ३१ |
| २४ | Construction of Thulo Thakani Ma.Bi.Shauchalaya | MMSI/WORKS/NCB/2079-80/17 | २५२८८४९ | २२९१९२९ | ९ |
| २५ | Slope Stabilization Works at Melamchi Primary Hospiral Premises,Melamchi-11,Sindhupalchok | MMSI/WORKS/NCB/2079-80/24 | २६३८०२१९ | २४९९५७३२ | ५ |
| २६ | Construction of ward No-04 office at Thakani, Sindhupalchok | MMSI/WORKS/NCB/2079-80/25 | ३३४११६५३ | २६८९५८८९ | २० |
| २७ | Upgrading and maintenance of Shree Krishna Mavi at Melamchi Mun-04 | MMSI/WORKS/NCB/2079-80/36 | २६४७१७३ | १८१९३१२ | ३१ |
| २८ | Construction Works of Ward No.6 Office Road | MMSI/WORKS/SQ/2079-80/02 | १७१२२४३ | १३१९३५२ | २३ |
| २९ | Construction of River Training Works at Melamchi -10 | MMSI/WORKS/NCB/2079-80/29 | ५७६३५४८ | ३२७५०९१ | ४३ |
| ३० | Construction of Water supply scheme at Maghigau Ward no.10 | MMSI/WORKS/NCB/2079-80/30 | २४९९४६४ | २०२७२६३ | १९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | Landslide Protection Works at Bahunepati Thakle Road | MMSI/WORKS/NCB/2079-80/31 | २४९९७१८ | १५०९१२६ | ४० |
| ३२ | Boundary Works of Ward No. 08 Ward Office Building | MMSI/WORKS/NCB/2079-80/33 | ३५१२४३१ | २४७८९४९ | २९ |
| ३३ | Boundary Works of Ward No. 06 Ward Office Building | MMSI/WORKS/NCB/2079-80/32 | २५४१९४० | १७६२४७१ | ३१ |
| ३४ | Protection Work at Melamchi Police station | MMSI/WORKS/SQ/2079-80/03 | १५९६६२६ | १०८९२५५ | ३२ |
| ३५ | Construction of Praggya Primary School Building Melamchi-07 | MMSI/WORKS/NCB/2079-80/35 | ३३७४९७० | २३३९१७५ | ३१ |
| ३६ | Upgrading Works of Fatakeshwor Chhapbhanjyang Road | MMSI/WORKS/NCB/2079-80/38 | ३५८९१२४ | २०३३९५६ | ४३ |
| ३७ | Upgrading Works of Bahunepati Khalde Road | MMSI/WORKS/NCB/2079-80/37. | ३५८९५६६ | २७४३९७९ | २४ |
| **Total** | | | **३३६७५८९२०** | **२५१९५६२१४** | २५.१८ |

## ६१ औषधी व्यवस्थापन

६१.१ **औषधि खरिदः** पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क विको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्मसँग रु.१२२८८८३१.०० को औषधि तथा रु.५१८००४१।०० को मेडिकल सामग्री खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।साथै यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन ।

| भौचर नं | विवरण | | सप्लायर्स | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| शसर्त ६९ र पालिका स्वास्थ्य ४० | औषधी खरिद | आधारभुत तथा | जि एच मेडी हेल्थ कन्सर्न प्रा लि | ४६७८७४६ | ठेक्काबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| शसर्त ५ | औषधी खरिद | आकस्मिक स्वास्थ्य सेवा | विभुम मेडिसिन सप्लायर्स | ७८५४८५ | कोटेशन |
| पालिका स्वास्थ्य ७३ | औषधि खरिद | | मेडिगोल्ड इन्टरनेशनल प्रा लि | २४९९२०० | पत्रिकामा प्रकासन दरमा खरिद |
| पालिका स्वास्थ्य १०० | औषधी खरिद | | सेतीदेवी मेडिसिन सप्लायर्स | १६६०४६२ | कोटेशन |
| सशर्त २४९ | औषधी खरिद | | सेतीदेवी मेडिसिन सप्लायर्स | २४८९९८ | कोटेशन |
| शसर्त २४८ | औषधी खरिद | | जि एच मेडी हेल्थ कन्सर्न प्रा लि | २४१५९४०. | |
| औषधी खरिदको जम्मा खर्च | | | | **१२२८८८३१** | |
| पालिका स्वास्थ्य ६७ | ILF Fridge तथा उपकरण | स्वास्थ्य सम्वन्धी उपकरण | फिगो मेडिसिन सप्लायर्स | १९८४१२५ | |
| पालिका स्वास्थ्य ४२ | ILR refrigerator | | मानसरोबर मेडिहेल्थ प्रा लि | ९९८७४४ | कोटेशनबाट |
| | Usg maching with colour print | | | | औषधीजन्य |
| पालिका स्वास्थ्य ४१ | Ice line refrigerator | | जि एच मेडी हेल्थ कन्सर्न प्रा लि | १९९८७४४ | कोटेशनबाट |
| | Usg maching with printer | | | | औषधीजन्य |
| पालिका स्वास्थ्य | स्वास्थ्य सामग्री खरिद | मामा डोमि | ढकाल सर्जिकल सप्लायर्स | १९८४२८ | कोटेशन |
| स्वास्थ्य सम्वन्धी उपकरण खरिदमा भएको खर्च | | | | ५१८००४१ | |

६१.२ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.* ६,३२४,६२४ *सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

६१.३ ✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु. ३,०१५,४२२ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

६१.४ ✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु. ५,१८०,०४१ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

६२ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्प**m**त् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| पुजीगत १८६ | कात्तिके सामुदायिक भवन | भवन निर्माण | ७६०००० |
| पुजीगत ३३३ | छाप सामुदायिक भवन | भवन निर्माण | ७६०००० |
| पुजीगत ७७० | लाभगाँउ सामुदायिक सरोकार समिति भवन | भवन निर्माण | १४२३९६५ |
| पुजीगत ७६१ | जनता माध्यमिक विद्यालय | भवन निर्माण | ९९६४४३ |
| पुजीगत ७५० | गिरानचौर एकीकृत वस्ती सामुदायिक भवन | भवन निर्माण | ९१७००० |
| | **जम्मा** | | ३४८९४०८ |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

## ६३ म्याद थप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपसम्वन्धी विवरण निम्नानुसार छ ।

| क्र.सं. | कार्यक्रमको नाम | जम्मा ठेक्का सङ्ख्या | म्याद थप भएको ठेक्का सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | शुरु अवधिको ५०% सम्म थप | शुरु अवधिको ५१ देखि १००% सम्म थप | शत प्रतिशत भन्दा बढी अवधि थप |
| १ | भौतिक पूर्वाधार तर्फ | ५० | ३ | २ | ४ |

पालिकाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ५० ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएका ४ ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

## ६४ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत

सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| ४१।२०७९।०७।६ | वडा स्तरीय सडक सुधार उपभोक्ता समिति | नगर वडा स्तरीय सडक मर्मत | ४७४४८० | जे सि बि | ४७४४८० |
| ६५।२०७९।८।२५ | वडा न १० को सडक मर्मत उ स | वडा न १० को सडक मर्मत | ६६५००० | जे सि बि | ६६५००० |
| ७३।२०७९।८।२५ | सडक तथा सार्वजनिक सम्पत्ती मर्मत उ स | वडा न ८ सडक मर्मत | ७५८७८४ | स्काभेटर | ४५१४३५ |
| ९५।२०७९।१०।३ | सडक सफा तथा मर्मत उ स | वडा न ९ को सडक सफा तथा मर्मत | ७१४०३६ | जे सि बि | ७१४०३६ |
| १६४।२०७९।११।११ | लोक मार्ग चिलाउने मोटरबाटो निर्माण उ स | लोक मार्ग चिलाउने मोटरबाटो निर्माण | ४४२८८१ | स्काभेटर | ३४९३९५ |
| १८४।२०७९।११।१७ | दंगालथोक कलेज कृषि सडक मर्मत उ स | दंगालथोक कलेज कृषि सडक मर्मत | २८३४४४ | ब्याहोलोडर | ११८६५० |
| २२१।०७९।१२।२ | वडा स्तरीय सडक संचालन उ स | वडा स्तरीय सडक संचालन | ३७२८१० | जे सि बि | ३७२८१० |
| २९५।२०८०।१।३ | मे न पा १३ भित्रका सडक सुधार उ स | सडक मर्मत | ९५०००० | ब्याक्होलोडर र डिजेल | ९५०००० |
| ३०३।२०८०।१।५ | तालामाराङ खोला सिचाई कुलो मर्मत उ स | तालामाराङ खोला सिचाई कुलो मर्मत | १४२०९९ | स्काभेटर | ११९८३९ |
| ३०७।२०८०।१।६ | ङकाङ खेल मैदान निर्माण उ स | ङकाङ खेल मैदान निर्माण | ४७२१२६ | डोजर | ४७२१२६ |
| ३०९।२०८०।१।८ | ताप्रासा सामुदायिक भवन जानेबाटो निर्माण उ स | ताप्रासा सामुदायिक भवन जानेबाटो निर्माण | २८४९९३ | स्काभेटर | २८४९९३ |
| ३७९।२०८०।२।२ | बतासे पुछर उर्लेनि पहिरो नियन्त्रण उ स | बाटो सफा | २८१८४१ | स्काभेटर | २८१८४१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४०२।२०८०।२।११ | थानकुने सोते मोटरबाटो मर्मत उ स | मोटर बाटो मर्मत | ६६५००० | स्काभेटर र डिजेल | ६६५००० |
| ४२९।२०८०।२।२१ | मडकीनि नयाँ सडक ट्याक निर्माण उ स | डक निर्माण | ७९३८४५ | स्काभेटर र डिजेल | ७९३८४५ |
| ५७७।२०८०।३।१५ | गौरीध्याङ घैया पोक्टा सडक निर्माण उ स | सडक निर्माण | ४०६८०० | स्काभेटर | ४०६८०० |
| **जम्मा** | | | | | **७१२०२५०** |

६५ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

६६ **ननफाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१८८४०५४।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । उक्त कारोबारको कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ।

**........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२ को निर्णयबाट रु. ८०८२९८।८ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,८४,०५४.२ |

**(विस्तृत विवरण अनुसूची ६ मा संलग्न छ ।)**

६७ **रितपूर्बकको कर बिजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ नियमावली २०५३ को नियम १७ (१) बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तीले बस्तु वा सेवा आपुर्ती गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसुची ५ र ५ (क) बमोजिमको ढाचामा कर बिजक दिनुपर्ने व्यवस्था छ । फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.३९४५९२ समेत रु.३४२९९०९ सामाना तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९४,५९२ |

**(विस्तृत विवरण अनुसूची ११ मा संलग्न छ ।)**

६८ **घटी परिमाण**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. ५४२,३४७ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

६९ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले कृषि तथ्याङ्क संकलन तथा सेवा व्यवस्थापन प्रणाली सफ्टवेयर खरिद गरी ड्रिम वर्क सोलुसन प्रा लि बाट सफ्टवेयर खरिद गरी रु.६९०४३०.०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

७० **पेश्की बढी दिएको:-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५१ बमोजिम सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा जुनसुकै व्यक्तीले यस नियमावलीमा तोकेको म्याद भित्र पेश्की फछ्यौटका लागि

आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाइ असुल गर्नुपर्ने ब्यवस्था छ । त्यसै गरी निर्माण कार्य बापत निर्माण व्यवसायीलाइ सम्झौता रकमको मु अ कर र पि एस बाहेकको रकममा पेश्की दिनुपर्ने व्यवस्था छ । खरिद सम्झौतामा निर्माण व्यवसायीलाई प्रथम किस्ता पेश्की दिदा मुल्य अभिवृद्धि कर र पि.एस. सहितको सम्झौता अंकको आधारमा पेश्की दिएको र केही योजनामा निर्माण सम्झौतामा १० प्रतिशत पेश्की दिने उल्लेख भएकोमा सो भन्दा बढी २० प्रतिशत पेश्की दिएको देखियो । बढी पेश्की दिएको व्यहोरा देहायअनुसार छ ।

७०.१ सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद सम्झौता बमोजिम पेश्की भुक्तानी गर्नुपर्दछ । पालिकाले सम्झौतामा उल्लेख भएको भन्दा देहाय अनुसार बढी पेश्की भुक्तानी गरेको देखियो ।

| **भौचर नं** | **ठेक्का नं र आ व** | **निर्माण व्यावसायी** | **सम्झौता रकम (मु अ कर रपि एस) समेत** | **सम्झौता रकम (मु अ कर रपि एस) बाहेक** | **पेश्की लिएको मिति** | **पेश्की अन्तिम मिति** | **पेश्की दिन मिल्ने** | **पेश्की दिएको रकम** | **बढी पेश्की रकम** |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | ०७९-८०/०७ | जेनिस निर्माण कम्पनि प्रा ली | ६३०९४२२।१५ | ५४४२१८७।७५ | २०७९।१०।६ | २०८०।२।२ | ५४४२१८।७७ | ६३०९०० | ८६६८१।२२ |
| ३० | ०७९-८०/२७ | साङजेन कन्सट्रकशन | ६७३१४५८।४६ | ५८७२९७२।०५ | २०७९।१२।२० | २०८०।३।२४ | ५८७२९७ | ११६०००० | ५७२७०३ |
| १८ | ०७९-८०/०२ | वटु सफलरुद्र जे भि | २९५१३५००।४५ | २४०३९०३५ | २०७९।९।४ | २०८०।१।३१ | २४०३९०३ | ५००००० | २५९६०९७ |
| १० | ०७९-८०/०३ | एस डि एस ब्रदर्श भटमासे जेभि | १९९५६३६५।७२ | १७४३४८३६।३६ | २०७९।१०।२७ | २०८०।३।२४ | १७४३४८३ | ३५३२०००० | १७८८५१७ |
| १३ | ०७९-८०/०८ | गेहेन्द्र लक्ष्मि जुगल हिमशिखर जे भि | २५४००४४२ | २२०९७७३६ | २०७९।११।१९ | २०८०।३।१० | २२०९७७३ | ४०६०००० | १८५०२२६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५२६ | ०७९-८०/१८ | शुभारम्भ कन्सट्रकशन एण्ड कन्सलटेन्ट प्रा ली | ३६५६७१८।२३ | ३१००६३५ | २०७९।११।१९ | २०८०।३।१० | ३१००६३ | ३६५०००० | ५४९३७ |
| ६ | ०७८-७९/२० | इन्द्रावती कन्सट्रकशन एण्ड सप्लायर्स प्रा ली | १७३१४७५ | १४८०९५२ | २०७८।१०।२ | २०७९।३।२४ | १४८०९५ | १७३०००० | २४९०५ |
| ४२ | ०७७-७८/१३ | शान्ती एण्ड आश्विन कन्सट्रकशन | ४७६६८६३ | ३७०९६११ | २०७८।७।२८ | २०७९।६।१३ | ३७०९६१ | ४७५०००० | १०४०३९ |
| ३ | ०७८-७९/५ | एन एस कन्सट्रकशन | १९२८५४६ | १६३१३७७ | २०७८।८।२६ | २०७९।१०।६ | १६३१३७ | १९२०००० | २८८६३ |
| १५१ | ०७८-७९/०७ | ओम बुद्धआर जे भि | १८८४३७४ | १६४०७४११ | २०७८।११।१० | २०७९।३।२५ | १६४०७४१ | १८०००००० | १५९२५९ |
| १३६ | ०७७-७८/२३ | स्वरजमा लेक जे भि | १२७१४३०३ | १०९०२०३८ | २०७७।११।५ | २०७९।१२।३ | १०९०२०३ | २००००० | ९०९७९७ |
| १३६ | ०७७-७८/२४ | स्वरजमा लेक जे भि | १३५५२५६३ | ११६४३८६१ | | | १११६४३८६ | ३००००० | ११३५६१४ |
| | | | | | जम्मा | | २१८३२०४२ | १४२३३९०० | ९२२४९५७ |

७०.२ माथि उल्लेखित बढी पेश्की दिएका निर्माण व्यवसायीहरु मध्ये ९ वटाको पेश्की फछ्यौट भइसकेकोले देहायका

३ वटा निर्माण व्यवसायीको अझै पेश्की फछ्र्यौट गर्न बाकी रहेको हुदा निजहरुबाट बढी पेश्की लिएको रु.६२३४८४०.०० असुल गर्नुपर्दछ ।

| क्र सं | निर्माण व्यवसायी | पेश्की बाकी रकम | बढी पेश्की रकम |
|---|---|---|---|
| १ | बटु सफल रुद्रजेभी | ५०००००० | २५९६०९७ |

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. ३६३८७४३ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,९६,०९७ |

७१ **बि.ओ.क्युमा सवारी साधन-**

*........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. १७४०३४५ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

७२ **सोझै खरिद**

*........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. २,३९६,७३० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

७३ **न्यानो झोला**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरका लागि गत वर्ष ४०० थान रु ३३६००० र यस वर्ष ९५० थान को रु. ७९५८०० खरिद गरेको देखिन्छ । गत वर्ष सुत्केरी संख्या ३७९ र यस वर्ष सुत्केरी संख्या ५११ गरि जम्मा ८९० जनालाई न्यानो झोला वितरण गरेकोमा ४६० थान मौज्दातमा रहेको अभिलेखबाट देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु

तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

| भौचर नं | सामग्रीको नाम | सप्लायर्स | परिमाण | खर्च रकम |
|---|---|---|---|---|
| ४ | न्यानो झोला | हिमालयन मेडिसिन ड्रिस्टिव्यूटर्स | ५०० | ४४९५१४ |
| २४८ | | जि एच मेडी हेल्थ कन्सर्न प्रा लि | ४५० | ४४९७४० |
| | | जम्मा | ९५० | ८९९२५४ |

## ७४ सेनिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २५९२ जना रहेका छन। पालिकाले न्यू एन वि ट्रेडर्सबाट २५२५० थान स्यानिटरी प्याड रु.२३९६७३०.०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत वर्षको मैज्दात ६७५० र यस वर्षको खरिद २५२५० प्याकेट समेत ३२००० प्याकेट आमदानी गरेकोमा सोही परिमाण बराबर विद्यालयहरुमा वितरण गरेको जनाएकोमा विद्यालयमा खपत भएको परिमाणको अभिलेख नभएकोले विद्यालयमा मौज्दात परिमाण यकिन हुन सकेन । छात्राहरुको अनुपातमा खरिद गरि विद्यालयलाइ वितरण गर्नुपर्ने र विद्यालयको मौज्दात र खपत परिमाण यकिन गरि आगामि वर्ष खरिद गर्नुपर्दछ ।

## ७५ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,३१,१९,५२८।४० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ७६ फरक शिर्षकमा मूल्य अभिवृद्धि कर दाखिला

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि करवापत रु.२,८५,९४,२४७.७४ शिर्षक नं ३३११७ मा दाखिला हुनुपर्नेमा शिर्षक नं ३३३१४ मा दाखिला भएकोले सम्वन्धित शिर्षकमा दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।

| क्र.सं. | व्यवसायी | दाखिला गरेको राजस्व शिर्षक | दाखिला गर्नुपर्ने राजस्व शिर्षक | मूल्य अभिबृद्धि कर रकम |
|---|---|---|---|---|
| १ | सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा लि | ३३३१४ | ३३११७ | १५२५०२६५.४५ |
| | | ३३३१४ | ३३११७ | २६११३४६.८६ |
| | | ३३३१४ | ३३११७ | १०७३२६३५.४३ |
| जम्मा | | | | २८५९४२४७.७४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८५,९४,२४७.७४ |

## ७७ राजस्व तथा आन्तरिक आय

७७.१ **ढिला दाखिलाः** पालिका र सुदिपा ट्रेडिङ कम्पनि प्रा लि बिच इन्द्रावती नदितर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढांडखोलादेखि माथि मेलम्ची नगरपालिकाको सिमाना खण्डे खोला र मेलम्ची नदितर्फ तालामाराङ सम्मको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टि, बालुवा, ग्रामेल, रोडा, स्लेट,माटो) बिक्री (स्विकृत खानीक्षेत्र) बाहेक गरि आन्तरिक राजश्व संकलन गर्न मिति २०७९।३।२८ को सम्झौताको दफा २ बमोजिम ठेक्का सम्झौता रकम तथा किस्ता भुक्तानी सम्बन्धि विवरण उल्लेख छ । त्यसै गरि सम्झौताको दफा १४ मा यस शर्तमा लेखिए बमोजिम कार्यमा यसै शर्त बमोजिम र अन्यका हकमा प्रचलित कानुन बमोजिम हुने उल्लेख भएको छ । रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १२ (४) बमोजिम सम्झौतामा तोकिएको म्याद भित्र किस्ता रकम दाखिला नगरेमा ढिलो दाखिला अवधिको बार्षिक सयकडा १० प्रतिशतले सुद समेत लगाई व्यवसायीले किस्ता बुझाउनुपर्ने व्यवस्था छ ।नदिजन्य पदार्थ संकलनको शर्तनामा बमोजिम किस्ता रकम समयमा दाखिला नगरेकोले सयकडा १० प्रतिशतका दरले हुने हर्जाना रकम रु.१३,६१,७६६।०० असुल गर्नुपर्दछ ।

| सिन | किस्ता | किस्ता रकम | दाखिला गर्नुपर्ने मिति | दाखिला मिति | दाखिला रकम | ढिला दाखिला अवधि | जरिवाना रकम |
|---|---|---|---|---|---|---|---|
| १ | प्रथम(२५%) | ७३३१८५८३।८५ | २०७९।३।२८ | २०७९।४।४ | ३३३१८५८३।८५ | ७ दिन | ६३८९८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७९।३।२८ | २०७९।४।१८ | ४००००००० | २१ | २३०१३७ |
| २ | दोस्रो (४०%) | ११७३०९७३४।१६ | २०७९।९।३० | २०७९।१०।१८ | ६७३०९७३४।१६ | १८दिन | ३३१९३८ |
| | | | २०७९।९।३० | २०७९।११।१८ | ३००००००० | ४८ दिन | ३९४५२० |
| | | | २०७९।९।३० | २०७९।११।१८ | २००००००० | ४८ दिन | २६३०१६ |
| ३ | तेस्रो (३५%) | १०२६४६०१७।३९ | २०८०।३।१५ | २०८०।३।१७ | ८२५५८७३४ | २दिन | ४५२३७ |
| | | | २०८०।३।१५ | २०८०।३।२१ | २००८७२८३।३५ | ६दिन | ३३०२० |
| **जम्मा** | | | | | | | **१३६१७६६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६१,७६६ |

७७.२ **गत बर्षको मौज्दातः** गत आर्थिक वर्षमा ठेक्का लगाउन बाँकी परिमाणको ठेक्का लगाउन नसक्ने कारण सहित राजस्व परामर्श समितिले प्रमाणित गरी अगामी आर्थिक वर्षको ठेक्का लगाउनुपर्नेमा गत वर्षको बढी मौज्दात राजस्व परामर्श समितिले निर्णय नगरेपनि यस वर्षको वातावरणीय परीक्षण प्रतिवेदन (IEE) परिमाण २,४०,८४,००१.१६ घनफिटमा गत वर्षको मौज्दात ५५,८३,५७०.३० समेत समावेश गरी ठेक्का व्यवस्थापन गरेकोले गत वर्ष सोही परिमाण बरावर मौज्दात हो होइन एकिन गर्ने आधार नभएको र पुरानो मौज्दात गत वर्षको गत वर्षको ठेक्का नगर्नुको कारण समेत खुलेन । अतः पुरानो मौज्दात परिमाणका सम्वन्धमा स्पष्ट हुनुपर्दछ ।

७७.३ **परिमाणात्मक बन्देजः** आन्तरिक आय अन्तरगतको ठेक्कामा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टि, ग्रामेल, दस्कट, मस्कट, माटो) आदिको उत्खनन, संकलन तथा निकासि कार्य गर्दा उत्खनन गरिएका सामग्रीहरुको संकलन गर्ने र त्यसको नापजाँच गरि परिमाण एकिन गरि मात्र निकासी गर्न दिनुपर्नेमा निर्माण व्यवसायीलाई साइट सबै जिम्मा लगाउने निर्माण व्यवसायीले क्रसर उद्योगलाई जिम्मा लगाइ संकलन गरि निकासी गर्ने गरेकी पाइयो । परिमाणात्मक बन्देज लगाउन रसिदको नियन्त्रण खाता राखी रसिद प्रमाणीत गरि दिनुपर्ने र अर्धकट्टि कार्यालय फिर्ता लिइ परिमाण एकिन गर्नुपर्नेमा रसिद प्रमाणित गरिदिए पनि अर्धकट्टि फिर्ता लिएको देखिएन । नदिजन्य पदार्थको

सकारकर्ताले घाटगद्धि नगरि सोझौ प्रमाणित गरेपनि अर्धकट्टि फिर्ता नआएको र घाटगद्धि समेत नगरेकोले सम्झौता बमोजिमको परिमाण उत्खनन, संकलन र निकासी भएको एकिन गर्न सकिने आधार भएन ।

७७.४ **ढुङ्गा गिट्टी बालुवाको करः** स्थानिय सरकार संचालन ऐन,२०७४ को साबिक दफाको उपदफा १, १(च), ३ र ४ मा ढुङ्गा, गिट्टि र बालुवाको करमा प्रदेश तथा स्थानिय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरि स्थानिय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरि बाँडफाँड हुने व्यवस्था गरेको थियो । तर उक्त दफा सघिंय आर्थिक ऐन २०७५ द्धारा खारेज गरि दफा ६२(क) थप गरेर स्थानिय तहहरुले गिट्टि, ढुङ्गा, बालुवा बिक्रि गरि प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७९ को दफा ९ मा संघिय कानुनसंग बाझिने गरि ढुङ्गा, गिट्टी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धि व्यवस्था गररेको छ ।बागमति प्रदेश आर्थिक ऐन २०७९ को दफा ९(६) बमोजिम स्थानिय बवभाज्य कोषमा जम्मा भएको रकम बाडफाड गरी साठी प्रतिशत स्थानीय संचित कोष र चालिस प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसै गरि संघिय मन्त्री परिषदले ढुङ्गा, गिट्टि, बालुवा उत्खन्न, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ जारि गरि गिट्टि, ढुङ्गा, बालुवा बिक्रि बापतको राजश्व स्थानियले संकलन गरि प्रदेश र स्थानिय तहबिच क्रमशः ४० र ६० प्रतिशित हुने गरि बाडफाड हुने व्यवस्था गरेको छ जुन स्थानिय सरकार संचालन ऐनको दफा ६२ (क) बिपरित देखिन्छ ।यस पालिकाले गिट्टि, ढुङ्गा, बालुवा बिक्रिबाट यस वर्ष रु २९३२७४३३५।४० राजश्व प्राप्त गरेकोमा ४० प्रतिशतले हुने रकम रु ११७३०९७३४।१६ प्रदेश संचित कोषमा नपठाई स्थानिय संचित कोष राजश्व बाँडफाँड खातामा नै बाकी देखिएको छ। गिट्टि, ढुङ्गा, बालुवा बिक्रबाट प्राप्त हुने राजश्व उत्पत्तीको आधार एवं सो राजश्व संकलन गर्दा पर्ने वातावरणिय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजश्व बाँडफाँड सम्बन्धि कानुन तर्जुमा गर्दा सो विषयलाई मध्य नजर राखेर संघिय कानुनसंग नबाझिने गरि स्पष्ट कानुनि व्यवस्था गर्ने र सो को आधारमा राजश्व संकलन तथा बाँडफाँड गर्नु पर्दछ।

| **आय शीर्षक** | **संकलित रकम** | **प्रदेशलाई पठाउनु पर्ने प्रतिशत** | **पठाएको रकम** | **पठाउन बाँकी रकम** |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | २९३२७४३३५ ।४० | ११७३०९७३४ ।१६ | ० | ११७३०९७३४।१६ |

७७.५ **सिफारिस दस्तुरः** गाँउपालिकाले आर्थिक ऐन बमोजिम सिफारिस दस्तुर निर्धारण गरेकोमा सिफारिस पत्र र चलानी रजिस्टर भिडाइ दस्तुर यकिन गरेको देखिएन । चलानि रजिस्टर लेखापरीक्षणमा समेत पेश हुन आएन । चलानि रजिस्टर पेश नभएको कारण कतिवटा सिफारिस भए र दस्तुर कति असुलि भयो भिडान गर्न सकिएन । अतः सिफारिस पत्र र र चलानि रजिष्टर भिडाएर दस्तुर असुली गरी आम्दानी बाध्नुपर्दछ ।

७७.६ **बिज्ञापन करः** बागमति प्रदेश आर्थिक ऐन २०७९ को दफा ५ बमोजिम बागमति प्रदेश भित्र राखिने हुडिङ बोर्ड , साइन बोर्ड, व्यानर, भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फर्म वा कुन स्थानमा लगाउने, लेख्ने वा विधुतिय तरङ प्रयोग गरिएका बस्तु वा सामग्रीमा गरिने बिज्ञापनमा कर लगाइने र असुल उपर गरिने व्यवस्था छ । सोहि दफाको उपदफा २ बमोजिम बिज्ञापन कर सो को दर एवं कर उठाउने प्रणाली स्थानीय तहले सिफारिस गरेबमोजिम हुने र उपदफा ५ अनुसार विभाज्य कोषमा जम्मा भएको बिज्ञापन कर चालिस प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस वर्ष बिज्ञापन कर बापत ३०२६५० प्राप्त भएकोमा सोको ४० प्रतिशतले हुने रु.१,२१,०६०।०० प्रदेश संचित कोषमा पठाएको देखिएन । अतः बिज्ञापन कर बापत प्रदेश संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

## ७८ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | २५००००० | २८४८६५९ | ११३.९५ |
| घरजग्गा वहाल कर | २२००००० | ४४५६८७० | २०२.५९ |
| व्यवसाय कर | १२५००००० | १३११९५२८ | १०४.९६ |
| वहाल विरौटी शुल्क | ३५००००० | ३९०५५०१ | १११.५८ |
| भुमिकर/ मालपोत | २५००००० | २३२७३५२ | ९३.०९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक , मेलम्ची नगरपालिका , सिन्धुपाल्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अशोक कुमार भट्टराई | २०८०-५-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मुरारी पुडासैनी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १२,७५३,०५६ | ५४,९८०,५७२.९१ | ४७,३३४,३८१.५४ | ० | ० | ३३४,३०६ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ११५,४०२,३१६.४५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ४८,३३३,४११.०१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६७,०६८,९०५.४४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | ४५४४१८७५९.६ |
|---|---|
| **आम्दानी** | **खर्च** |

| | | | |
|---|---|---|---|
| **संघीय सरकारबाट अनुदान** | ६२२६०१५०० | **चालु खर्च** | ९७६४७३९६२.४ |
| **प्रदेश सरकारबाट अनुदान** | ९४२४१००० | **पूँजीगत खर्च** | ६६८७३४४६६ |
| **राजश्व बाँडफाँट** | २०७४४१६१३.७२ | **वित्तीय/अन्य व्यवस्था** | १४७३४२८९२.८६ |
| **आन्तरिक आय** | ३८२६५२२२३.६४ | | |
| **अन्य आय** | ४१९३४२५१४.७ | | |
| **कुल आय** | १७२६२७८८५२.०६ | **कुल खर्च** | १७९२५५१३२१.२६ |
| **बाँकी मौज्दात** | | ३८८१४६२९०.४ | |

**बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | |
| | क) नगद | 0 | | SUTRA को खर्च | 766650962.4 |
| | ख) बैंक | 0 | | CGAS को खर्च | 209823000 |
| | ग) संचितकोष | 348745912 | | अन्य | 0 |
| | घ) धरौटी | 25671578 | २ | पूँजीगत खर्च | |
| | ङ) कोषहरु | 78759944.55 | | SUTRA को खर्च | 635184601 |
| | च) प्रकोप व्यवस्थापन कोष | 1241325 | | CGAS को खर्च | 33549865 |
| २ | राजस्व ( आन्तरिक आय) | | ४ | लगानी | 0 |
| | क) आन्तरिक राजस्व | 382652223.6 | ५ | धरौटी फिर्ता | 10139310 |
| | ख) राजस्व बाँडफाँड | 207441613.7 | ६ | शसर्त अनुदान फिर्ता | 22119561.76 |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ७ | कोष खर्च | 115084021.1 |
| | क) वित्तिय समानीकरण अनुदान | 194342500 | ८ | मौज्दात | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख) सशर्त अनुदान | 403259000 | | क) बैंक मौज्दात सञ्चित खाता | 236047570.2 |
| | ग) समपूरक अनुदान | 15000000 | | ख) नगद मौज्दात | 0 |
| | घ) विशेष अनुदान | 10000000 | ९ | धरौटी मौज्दात | 31531960 |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १० | कोष खाताको मौज्दात | 120566760.1 |
| | क) वित्तिय समानीकरण अनुदान | 21314000 | | | |
| | ख) सशर्त अनुदान | 47688000 | | | |
| | ग) समपुरक अनुदान | 25239000 | | | |
| ५ | विभिन्न कोषतर्फको आय | 155649511.7 | | | |
| ६ | विषयगत निकायबाट प्राप्त | | | | |
| | क) सडक बोर्ड नेपाल | 4320446 | | | |
| | ख) सामाजिक सुरक्षा तथा संरक्षण | 209823000 | | | |
| | ग) एकिकृत स्वास्थ्य पुर्वाधार | 33549865 | | | |
| ७ | धरौटी आय | 15999692 | | | |
| | जम्मा | 2180697612 | | जम्मा | 2180697612 |

**बेरूजु दफा ४३ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| क स | विद्यालयको नाम | प्राथमिक | | निमावि | | मावि | | उमावि | | जम्मा | पदपूर्ति | पदपूर्ति मध्य करार | विद्यार्थी | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | राहत | स्वीकृत | राहत | स्वीकृत | राहत | स्वीकृत | राहत | | | | | |
| १ | जलेश्वरी आवि | २ | ० | | | | | | | २ | २ | ० | १४ | ७ |
| २ | सेतिकादेवी मावि | ८ | १ | ० | ३ | | १ | | | १३ | १३ | ० | १८२ | १४ |
| ३ | सिद्धेश्वरी आवि | २ | ० | | | | | | | २ | २ | ० | ३१ | १६ |
| ४ | सरस्वती मावि | ४ | ० | २ | १ | ४ | १ | | २ | १४ | १४ | १ | २४२ | १७ |
| ५ | शिवपुरी आवि | ० | २ | | | | | | | २ | २ | ० | २९ | १५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | निवुगाउँ आवि | १ | २ | | | | | | | ३ | ३ | ० | ५४ | १८ |
| ७ | जाल्पादेवी मावि | ४ | १ | २ | १ | १ | ४ | २ | | १५ | १५ | ० | १९४ | १३ |
| ८ | कालिकाशरण आवि | ४ | | | | | | | | ४ | ४ | ० | ५३ | १३ |
| ९ | हैबुङ्गमहादेवस्थान मावि | ६ | | | ३ | | २ | | | ११ | ११ | १ | १७३ | १६ |
| १० | थुङ्गेडाँडा आवि | २ | | | | | | | | २ | २ | ० | १८ | ९ |
| ११ | कृष्ण मावि | ५ | | २ | १ | ५ | | | २ | १५ | १५ | २ | १९६ | १३ |
| १२ | चिप्लिङ आवि | १ | | | | | | | | १ | १ | ० | १७ | १७ |
| १३ | ठूलो थकनी मावि | ५ | १ | | २ | | | | | ८ | ८ | २ | १९० | २४ |
| १४ | साल्मे आवि | २ | | | | | | | | २ | २ | ० | १४ | ७ |
| १५ | थानाभञ्याङ आवि | ५ | १ | | | | | | | ६ | ६ | ० | १२५ | २१ |
| १६ | धौलेश्वरी आवि | ४ | | | १ | | | | | ५ | ५ | ० | ६१ | १२ |
| १७ | डिही आवि | ३ | | | | | | | | ३ | ३ | ० | २८ | ९ |
| १८ | कालिका आवि मुसुरे | २ | | | | | | | | २ | २ | १ | १६ | ८ |
| १९ | सिन्धुपुरानागाउँ मावि | ५ | १ | ३ | १ | ४ | | | २ | १६ | १६ | ५ | ३५४ | २२ |
| २० | भूमेश्वरी आवि | | १ | | | | | | | १ | १ | ० | २९ | २९ |
| २१ | कालिका आवि भिमसेनस्थान | ४ | १ | | | | | | | ५ | ५ | ० | ८२ | १६ |
| २२ | सुर्योदय आवि | | १ | | | | | | | १ | १ | ० | २५ | २५ |
| २३ | पञ्चकन्या आवि ६ | ३ | ० | | | | | | | ३ | ३ | ० | २८ | ९ |
| २४ | जागेश्वरी आवि | ४ | १ | | २ | | | | | ७ | ७ | ० | ९३ | १३ |
| २५ | कोलेचौर आवि | | १ | | | | | | | १ | १ | ० | १९ | १९ |
| २६ | बतासे मावि | ६ | १ | | १ | | | | | ८ | ८ | ० | २१४ | २७ |
| २७ | तेर्से मावि | ४ | ३ | १ | ३ | | ३ | | | १४ | १२ | ० | ५२४ | ३७ |
| २८ | बालसुधार मावि | ४ | २ | २ | १ | १ | ३ | | २ | १५ | १४ | ० | ५३७ | ३६ |
| २९ | ज्योतिभञ्याङ आवि | ५ | | | | | | | | ५ | ५ | ० | १११ | २२ |
| ३० | प्रज्ञा आवि | ४ | | | | | | | | ४ | ४ | ० | १०४ | २६ |
| ३१ | जलवाइदेवी मावि | ५ | १ | | ३ | | २ | | | ११ | ११ | ० | २३६ | २१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२ | लाभगाउँ आवि | २ | | | | | | | | २ | २ | ० | ४५ | २३ |
| ३३ | जनता  मावि | ५ | ३ | १ | १ | | ४ | | | १४ | १३ | १ | ३२७ | २३ |
| ३४ | सातकन्या मावि | ५ | २ | | ३ | | | | | १० | १० | ० | २९६ | ३० |
| ३५ | क्यौलेठाना आवि | ३ | १ | | | | | | | ४ | ४ | ० | ८२ | २१ |
| ३६ | गोल्मेश्वरी आवि | ३ | २ | | १ | | | | | ६ | ५ | १ | १४४ | २४ |
| ३७ | रक्तकाली आवि | २ | | | | | | | | २ | २ | ० | ४९ | २५ |
| ३८ | पञ्चकन्या आवि | २ | १ | | | | | | | ३ | ३ | ० | ४३ | १४ |
| ३९ | शीतलादेवी मावि | ६ | १ | | ४ | | २ | | | १३ | १३ | ० | २५४ | २० |
| ४० | भूमेस्थान आवि | ५ | २ | | | | | | | ७ | ७ | ० | १०९ | १६ |
| ४१ | हिरादेवी आवि | ४ | १ | | | | | | | ५ | ५ | ० | ५७ | ११ |
| ४२ | क्षेत्रपालेश्वरी आवि | १ | | | | | | | | १ | १ | ० | ९ | ९ |
| ४३ | विपिस्मृति आवि | १ | २ | | | | | | | ३ | ३ | १ | ३७ | १२ |
| ४४ | महेन्द्रप्रिया आवि | ४ | | | २ | | | | | ६ | ६ | ० | १६३ | २७ |
| ४५ | इन्द्रेश्वरी मावि | ६ | | ३ | १ | ४ | १ | ३ | | १८ | १५ | ० | ६३८ | ३५ |
| ४६ | जनजागृति मावि | ५ | १ | | ३ | | २ | | | ११ | १० | ० | १८४ | १७ |
| ४७ | भैरवीदेवी आवि | २ | | | | | | | | २ | २ | ० | ४४ | २२ |
| ४८ | पञ्चकन्या आवि  ११ | १ | १ | | | | | | | २ | २ | ० | २६ | १३ |
| ४९ | डडुवा  आवि | ४ | | | | | | | | ४ | ४ | ० | ८२ | २१ |
| ५० | जालपादेवी मावि १२ | ६ | | ३ | | ४ | १ | २ | | १६ | १६ | ० | ४६३ | २९ |
| ५१ | कालिकादेवी मावि | ३ | ३ | | २ | | १ | | | ९ | ९ | ० | ११९ | १३ |
| ५२ | सरस्वती आवि ढकालथोक | २ | | | | | | | | २ | २ | ० | २५ | १३ |
| ५३ | सरस्वती आवि थाक्ले | ३ | | | | | | | | ३ | ३ | ० | ६३ | २१ |
| ५४ | महाकाली मावि | ७ | | | ३ | | | | | १० | १० | १ | १६४ | १६ |
| ५५ | शिवशंकरेश्वर आवि | ३ | | | | | | | | ३ | ३ | ० | ५० | १७ |
| ५६ | भञ्याङ आवि | १ | | | | | | | | १ | १ | ० | १९ | १९ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५७ | फटकशीला मावि | ५ | | ३ | | १ | ४ | २ | | १५ | १४ | ० | २३० | १५ |
| ५८ | पव्लिक आवि | ३ | | | | | | | | ३ | ३ | ० | ३८ | १३ |
| ५९ | कालिकाचेतना मावि | ५ | १ | | २ | | | | | ८ | ८ | १ | २७० | ३४ |
| ६० | चण्डेश्वरी आवि | ० | ३ | | | | | | | ३ | ३ | ० | ४४ | १५ |
| | जम्मा | २५ | ३१ | १३ | ३० | १० | २३ | ७ | २ | २४३ | २३३ | ५ | ५८०० | २५ |

**बेरूजु दफा ५७ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| क.स. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | Ward No. 4 office building | Triangulum EngineeringConsultancy Pvt. Ltd.Old Sinamangal-32, Kathmandu | ४९९५९६ | ४९१५५० | ३२५४१००० |
| २ | Preparation of Detailed Project Report of ward office Building (ward No. 12 ) | Kaligandaki Builders and Engineers(P) Ltd, | ४९९५९६ | ४९४९४० | ४७७२२८८६ |
| ३ | *IEE Report for the Sustainable Extraction of Stone, Gravel and Boulder from the Rivers of Melamchi Municipality Sindhupalchok District"* | Engineering Professional Practice Consultancy Pvt. Ltd | १९९९४१६ | १९८५९७५ | |
| ४ | *धारा टोल सुलिछाप महादेवस्थान मोटर बाटो डी.पी.आर,वडा नं.०२* | ARANIKO ASSOCIATES PVT. LTD.,Bhaktapur,Nepal | ४,११,३५८.०८ | ४,०८,२००.०० | २२२२८२६०१ |
| ५ | *जिरोकिलो हैबुंङ पाटीभन्ज्यांग मोटर बाटो डी.पी.आर, वडा नं.०२ र ०३* | Capable Engineering for Construction and Investment Pvt.Ltd. | ९,०६,४८०.११ | ८,८६,०००.०० | ४७,०६,८५,२७२.४४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | *सिन्धुखोला पन्ध्र नं माझी गाउँ सडकको डी.पी.आर,वडा नं.०५* | Swarna Engineering Consultancy Pvt.Ltd.,New Baneshwor-Kathmandu,Nepal | २,८६,४७७.३१ | २,८५,०००.०० | ८,४४,६०,११६.८३ |
| ७ | *नेपाने पन्चकन्या मानेभन्ज्यांग ऊपल्लोगाउँ धुसेनीचौर सडक डी.पी.आर, वडा नं.०६ र ११* | Danphe Engineering Consultancy Pvt. Ltd.,Chakupat,Lalitpur | ७,०६,७८०.८९ | ७,०३,११२.०० | ९२६२९४८५८ |
| ८ | *वडा नं ९ को वडा कार्यालय डी.पी.आर* | Kamasu Consult Pvt. Ltd<br>Nagarjun-2, Kathmandu,Nepal | ४,४१,५६०.८० | ४,३९,८००.०० | ५०३०६१८८ |
| ९ | DPR of Talamarang-Dhunganabesi-Manebhyangjyang-Batasey-Parangtol-Tallo Thakani Road | Vintuna Engineering Consult Pvt. Ltd., Kathmandu | ७,२२,१८४.६९ | ७,१९,९११.५० | ६३,०९,७४,९०७.२० |
| १० | Preparation of Master plan DPR of Golmeshor Dham at Duwachaur, Melamchi-7, Sindhupalchok | Spiral Grid Solution Pvt. Ltd.,Bhimsengola-34,Kathmandu,Nepal | ४,४२,०७५.०० | ४,४०,०००.०० | ६०५१८५३७ |
| ११ | तिनकुने काफलगैरी डी-डाँडा सडक डी.पी.आर, वडा नं.०७ | Green Design Solution,Baneshwor-Kathmandu,Nepal | ३,६४,५९६.५६ | ३,६२,५००.०० | २६२७८४४१६ |
| १२ | DPR of Dauchet-jyamir Dada-Kyaurani- Bhaise-Lavgaun-Kakani Road | सिस्ने इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि, महालक्ष्मी, काठमाडौं | ९,९१,७५१.१३ | ९,८६,८५८.४१ | ५९९९७९३६६ |
| १३ | राम्चे सुनखानी थापाटोल सडक डी.पी.आर | बि.एण्ड जे डेभलपर्स प्रा.लि .,ललितपुर | ४,९९,३७९.७८ | ४,८६,४५०.०० | ३९,२८,१२,४३८.६८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | धार्मिक तथा पर्यटकीय क्षेत्र गोल्मा राजारानी मन्दिरको गुरुयोजना डी.पी.आर, वडा नं.०७ | आकार डिजाइनर्स एण्ड डेभलपर्स प्रा.लि .,टोखा | | ६,८१,०००.०० | २,४४,८०,०१२.०० |
| | | | ७,७२,८३८.१२ | | |
| १५ | DPR of Gairigaun-Sunkhani-Lagarche Road, Melamchi | Hermes Engineering Solution (P) Ltd Bafal, Kathmandu | | ४,३०,०००.०० | ४६,४८,८७,०५५.४८ |
| | | | ४,३९,०१५.२० | | |
| १६ | सुनखानी खानेपानी योजना डी.पी.आर, वडा नं.०९ | SEISMO-TECH Engineering Consultancy Pvt.Ltd. | | ४,३८,०००.०० | १,५०,३४,१६७.४० |
| | | Kupandole-1, Lalitpur | ४,४१,६०४.८० | | |
| | | | | | |
| १७ | भन्ज्यांग पब्लिक फट्केश्वर सडकखण्ड डी.पी.आर | Sci-Tech Infrastructure Development and Research Pvt.Ltd | ४,39,३७८.४६ | ४,३१,२००.०० | २३६१४२०९ |
| १८ | नुहारखोला दुलाल गाउँ कृषि सडक खण्ड डी.पी.आर | Rise and Tread Design and Builders Pvt.Ltd. | ४,२३,४६१.०७ | ४,20,०००.०० | १९६६५१८६५ |
| १९ | फट्केश्वर छाप भन्ज्यांग सडक खण्ड | श्री पांचपोखरी कन्सल्टेन्ट एण्ड एड्भटाइजिंग प्रा.ली | ४,39,०१५.२१ | ४,३०,०००.०० | २४५४७७४११ |
| २० | DPR of Kafle khola Falame Paharasim Wadaa Karyalaya Badahare Sadak | मार्गदर्सन डिजाइन एण्ड कन्सल्ट प्रा.ली | १०५७७६७ | १०,४४,९००.०० | २१५०००४७१ |
| २१ | कुण्डेश्वर ठाँटी एक्लेबेसी चांपाबोट थाक्ले कच्ची सडक डी.पी.आर | Rock Builders and Engineering Service Pvt.Ltd | ५५३२८० | ५४९६४० | ५४९४२७५७२ |
| २२ | चनौर कात्तिकेछाप नारायणटार मानेभन्ज्यांग डडुवा मेलम्ची सडक डी.पी.आर | Gradient Engineering Consultancy Pvt.Ltd | ८०४९७२ | ७९०६०० | ९२७५९१५१६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | सरस्वती मा.वि भवन निर्माण | रुद्रदेवी कन्सल्ट प्राइभेट लिमिटेड | ४४१४६१ | ४३६००० | २२४८७०४५ |

**बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची -१०**

| १ | गोभौनं./मिति | योजना को नाम | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत | भुक्तानी भएको ७० प्रतिशत मु अर कररकम | ननफाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १०४।२०७९।१०।५ | मानेभन्ज्याङ सडक निर्माण | पि एस के भोटसिपा जे भि | ६१८३०१६१८ | ५५६६६२८९३ | ६३३४४०.६४ | १९००३२ | १९००३२.२ | २०७८।३ |
| २ | २३७।२०७९।१२।९ | सिताकन्या माध्यमिक विद्यालय | एन पि हार्डवेयर | ३०५३८४८१६ | २५७७८१.२५ | २९६५६ | ८८९७ | ८८९६.८ | २०७८।४ |
| ३ | २३८।२०७९।१२।९ | जडिबुटि पाङदुरे सिचांई कुलो | एन पि हार्डवेयर | ३०५३८४८१६ | २०४१९१ | २३४९१ | ७०४७ | ७०४७.३ | २०७८।४ |
| ४ | २४५।२०७९।१२।१२ | हेलम्बु सडक कालोपत्रे | उमा एण्ड कम्पनी टक्सार जे भि | ६१६०३७१४४ | ३८९३८०२.९६ | ४४३७०५ | १३३११२ | १३३१११.५ | २०७८।३ |
| ५ | ३६२।२०८०।१।२९ | काफ्ले खोला भुमेश्थान फलामे | जुगल एण्ड गुगल क्रसर उद्योग प्रा ली | ६०६७६५४५७ | १९६१०० | २२५६० | ६७६८ | ६७६८ | २०७८।८ |
| ६ | ३८९।२०८०।२।५ | भदौरे घुसेनी मानेभन्ज्याङ सडक | पि एस के भोटासिपि जे भि | ६१८३०१६१८ | ३५०४७१३.५९ | ३९६८३४.९६ | ११९०५० | ११९०५०.५ | २०७९।३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ४०४।२०८०।२।११ | चुबाकोट काफल चौर सडक मर्मत | एन पि हार्डवेयर ३०५३८४८१६ | ७९.२०८०.१.३० | १६७२८० | २०२८० | ६०८४ | ६०८४ | २०७८।४ |
| ८ | ४१७।२०८०।२।१६ | वन कार्यालय टेलम्बु सडक | उमा एण्ड कम्पनी टक्सार जे भि | ६१६०३७१४४ | ८४७७२९०.५ | ९६८३७३.५१ | २९०५१२ | २९०५१२.१ | २०७८।३ |
| ९ | ५४२।२०८०।३।११ | पाल्ले सडक स्तरोन्नती | संजय एण्ड सुप्रिम कन्सट्रकसन कम्पनी प्रा ली | ६०९९८२४८ | १७९८४२.३२५ | २०६८९.८३ | ६२०७ | ६२०६.९ | २०७९।१ |
| १० | २२४।२०७९।१२।३ | | स्वराज मालिका जे भि | | ५९५४३८२ | ६७१३८३ | २०१४१५ | २०१४१४.९ | २०७९।३ |
| ११ | २२३।२०७९।१२।३ | | स्वराज मालिका जे भि | | ६७३५६६७ | ७४९५४०.३५ | २२४८६२ | २२४८६२.१ | २०७९।३ |
| १२ | ४९७।२०७९।१२।१२ | | उमा एण्ड कम्पनी टक्सार जे भि | ६१६०३७१४४ | ८४१७४००.३७ | ९६८३७३.५१ | २९०५१२ | २९०५१२.१ | २०७८।३ |
| १३ | २४५।२०७९।१२।१२ | | उमा एण्ड कम्पनी टक्सार जे भि | ६१६०३७१४४ | ३८५६८२२.९५ | ४४३७०५.२९ | १३३११२ | १३३११९.६ | २०७८।३ |
| १४ | ७३३।२०८०।३।२४ | | उमा एण्ड कम्पनी टक्सार जे भि | ६१६०३७१४४ | ७७२००४८.६४ | ८८८१४७.१९ | २६६४४४ | २६६४४४.२ | २०७८।३ |
| | जम्मा | | | | ६०६२२८२१६ | | | १८८४०५४ | |

## बेरूजु दफा ६७ सँग सम्बन्धित विवरण - अनुसूची -११

| गोभौनं./मिति | योजनाको नाम | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|---|
| ८२।०८०।३।३१ | वडा ११ मा प्रतिक्षालय निर्माण | डि एन एस कन्सट्रक्सन | ६०९९८२१५० | विजक नं ७१ हातले लेखेको | ४०१३५९ | ४६१७४ |
| ५८।०८०।३।२३ | नेपाने झोपु वस्ति तथा खेतियोग्य जमिन संरक्षण | गोसाइकुण्ड निर्माण सेवा | ६१००५२९७० | विजक नं ५ हातले लेखेको | ११९९६०० | १३८००८ |
| | | | | विजक नं ७ हातले लेखेको | ८२७७७० | ९५२३० |
| ७६८ | जिरोकिलो हैबुङ पाटी भंज्याङ सडकको DPR | क्यापेवल इन्जिनियरिङ फर कन्स्ट्रक्सन एण्ड डेभलपमेन्ट | ६००९३७९५७ | विजक नं १४ हातले लेखेको | १००११८० | ११५१८० |
| जम्मा | | | | | ३४२९९०९ | ३९४५९२ |